# वार्षिक प्रतिवेदन

२०७८



## ११ औं वार्षिक क्याम्पस सभा

मिति : २०७८ कार्तिक १४ गते


**Mahakavi Devkota Campus**

(A QAA Accredited Institution by UGC)

**Sunwal, Nawalparasi, Nepal**

Tel: +977-78-570049, 9857046049

E-mail:. mdcampus60@gmail.com, info@mdc.edu.np

URL: www.mdc.edu.np

# महाकवि देवकोटा क्याम्पस

## सुनवल,नवलपरासी

### सञ्चालक समितिको नामावली (२०७७-२०८०)


| क्र.सं | नाम थर | पद | |
|---|---|---|---|
| १ | श्री कृष्ण प्रसाद लामिछाने | अध्यक्ष |  |
| २ | मा.सा.श्री देवेन्द्रराज कण्डेल<br>(प्रतिनिधिसभा सदस्य) | सदस्य |  |
| ३ | मा.वि. श्री बैजनाथ चौधरी<br>(प्रदेशसभा सदस्य) | सदस्य |  |
| ४ | श्री भीम बहादुर थापा क्षेत्री<br>(सु.न.पा. मेयर) | सदस्य |  |
| ५ | श्री विष्णु प्रसाद पौडेल<br>(नि.वर्तमान अध्यक्ष) | सदस्य |  |
| ६ | श्री अर्जुन कुमार पोखरेल | सदस्य |  |
| ७ | श्री ज्ञानहरी अर्याल<br>(म.क.दे.मा.वि.) | सदस्य |  |
| ८ | श्री केशव भण्डारी<br>(उ.वा.सघं,न.प.) | सदस्य |  |
| ९ | श्री गोपाल प्रसाद शर्मा | सदस्य |  |
| १० | श्री उमानाथ पोखरेल | सदस्य |  |
| ११ | डा. अरुन कुमार क्षेत्री<br>(त्रि.वि.प्रतिनिधि) | सदस्य |  |
| १२ | श्री भविश्वर तिवारी | सदस्य |  |
| १३ | श्री शालिकराम सापकोटा | सदस्य |  |
| १४ | श्री लक्ष्मी भण्डारी भट्टराई | सदस्य |  |
| १५ | श्री विमला अर्याल | सदस्य |  |
| १६ | श्री वीर बहादुर गुरुङ्<br>(सु.न.पा.वार्ड नं. ४ अध्यक्ष) | आ. सदस्य |  |
| १७ | श्री शिशिर चापागाई<br>(विद्यार्थी प्रतिनिधि) | आ. सदस्य |  |
| १८ | श्री यादव प्रसाद भट्टराई<br>(शिक्षक प्रतिनिधि) | सदस्य |  |
| १९ | श्री नारायण प्रसाद ढकाल<br>(क्याम्पस प्रमुख) | सदस्य सचिव |  |

# महाकवि देवकोटा क्याम्पस

## सुनवल, नवलपरासी

## सल्लाहकार समितिको नामावली (२०७७-२०८०)

| क्र.सं | नाम थर | पद | |
|---|---|---|---|
| १ | श्री बोधराज घिमिरे | संयोजक |  |
| २ | श्री दधिराम अर्याल<br>(सु.न.पा. उप-मेयर) | सदस्य |  |
| ३ | प्रा. हुमकान्त पाण्डे | सदस्य |  |
| ४ | श्री यम प्रसाद ढकाल | सदस्य |  |
| ५ | श्री जीत बहादुर पौडेल | सदस्य |  |
| ६ | श्री बासुदेव अर्याल | सदस्य |  |
| ७ | श्री थिरलाल शर्मा | सदस्य |  |
| ८ | श्री गोपी ज्ञवाली | सदस्य |  |
| ९ | श्री लक्ष्मी पोखरेल | सदस्य |  |
| १० | श्री भगवती कर्माचार्य | सदस्य |  |
| ११ | श्री यज्ञ प्रसाद पाण्डे | सदस्य |  |
| १२ | श्री ओम बहादुर पुन | सदस्य |  |
| १३ | क्या.गुन बहादुर थापा | सदस्य |  |
| १४ | ई. ओमनाथ बस्याल | सदस्य |  |
| १५ | श्री सपना अधिकारी | सदस्य |  |



शुभ दिपावली, छठ पर्व तथा नेपाल सम्बत्को पावन अवसरमा सम्पूर्ण नेपालीहरुमा सु-स्वास्थ्य, समृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**महाकवि देवकोटा क्याम्पस परिवार**

**Mahakavi Devkota Campus**

(A QAA Accredited Institution by UGC)

**Sunwal, Nawalparasi, Nepal**

Tel: +977-78-570049, 9857046049

E-mail:. mdcampus60@gmail.com, info@mdc.edu.np

URL: www.mdc.edu.np

PERFECT PRINT #9847137095





## राष्ट्रिय गान

सयौँ थुङ्गा फूलका हामी, एउटै माला नेपाली
सार्वभौम भई फैलिएका, मेची महाकाली ।

प्रकृतिका कोटीकोटी सम्पदाको आँचल
वीरहरुको रगतले स्वतन्त्र र अटल ।

ज्ञानभूमि, शान्तिभूमि, तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ।

बहुल जाति, भाषा, धर्म, संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो, जय जय नेपाल ।

**प्रतिवेदन तयारी उपसमिति**

**संयोजक** : श्री विष्णुप्रसाद पौडेल

**सदस्यहरू** : श्री उमानाथ पोखरेल
: श्री भविश्वर तिवारी
: श्री नारायणप्रसाद ढकाल
: श्री हरिदत्त शर्मा

**सल्लाहकार** :

**संयोजक** : श्री थानप्रसाद गैरे

**सदस्यहरू** : श्री अर्जुनकुमार पोखरेल
: श्री विमला अर्याल
: श्री केशवप्रसाद भण्डारी
: श्री ज्ञानहरि अर्याल

**प्रतिवेदनको अनुमोदन मितिः** २०७८/०६/२४
(म.क.दे.क्या. संचालक समितिद्वारा)

**मुद्रण** : परफेक्ट प्रिन्ट, बुटवल #९८४७१३७०९५

# सारांश (Executive Summary)

बर्दघाट सुस्ता पश्चिम नवलपरासी जिल्ला, सुनवल नगरपालिका, वडा नं. ४ मा अवस्थित महाकवि देवकोटा क्याम्पस स्थानीय समाजका बुद्धिजीवी, समाजसेवी, व्यापारी, उद्योगपति, शिक्षाप्रेमी साथै अन्य व्यक्तित्वहरूको बौद्धिक, आर्थिक, वैचारिक साथै अन्य सहयोगबाट स्थापना भएको गैरनाफामूलक सामुदायिक शैक्षिक संस्था हो । स्थानीय समुदायको उच्च शिक्षाको आवश्यकता परिपूर्ति गर्ने उद्देश्यले वि.सं. २०६० सालमा स्थापित तथा संचालित यो क्याम्पस समुदायको उच्च शिक्षाको आवश्यकतालाई सम्बोधन गर्दै समुदायकै व्यवस्थापन र संचालनमा अघि बढिरहेको छ । वि.सं. २०७१ सालदेखि गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (QAA) प्रक्रियामा सहभागी भई निकै कठिन प्रयास पछि वि.सं. २०७४ मंसिरमा क्याम्पसले (QAA) प्रमाणपत्र प्राप्त गरिसकेको छ। (QAA) प्राप्तिसँगै वि.सं.२०७५ पुसमा सबैको साथ र सहयोगबाट क्याम्पसले बहुप्रतिक्षित, वर्तमान समयको निकै आकर्षक BBA कार्यक्रम समेत प्राप्त गरिसकेको छ। समुदायलाई गुणस्तरीय उच्च शिक्षा घर दैलोमै प्रदान गर्न दृढताका साथ अगाडि बढिरहेको यो क्याम्पसले २०७८ श्रावणमा त्रिभुवन विश्वविद्यालय व्यवस्थापन सङ्काय अन्तर्गतको स्नातकोत्तर तहको MBS कार्यक्रम संचालन अनुमति प्राप्त गरिसकेको छ । वर्तमान अवस्थामा क्याम्पसमा व्यापक संस्थागत सुधारहरू सुरु भएका छन् । फलस्वरुप, वि.सं. २०७३ देखि २०७६ सम्म लगातार विश्वविद्यालय अनुदान आयोगद्वारा संचालित उच्च शिक्षा सुधार योजना (HERP) मा समेत छनौट हुन सफल भई त्यस अन्तर्गतका क्रियाकलाप विकास गरी संस्थागत सुधारलाई थप प्रभावकारी ढंगले अगाडि बढाइ रहेको छ ।

क्याम्पस स्थापनाको १८ वर्षको छोटो अवधिमा क्याम्पसले भौतिक पक्षतर्फ सन्तोषजनक उपलब्धि हाँसिल गरेको छ। जस्तै : BBA र MBS संचालनार्थ नयाँ भवन निर्माण गर्नु, तला थप हुनु, गुणस्तरीय खानेपानीको व्यवस्था, जेनेरेटरको व्यवस्था, 3 Phase line को व्यवस्था, राजमार्गबाट क्याम्पससम्म पुग्ने १०० मिटर बाटो कालोपत्रे, क्याम्पस प्राङ्गणमा पार्किङ टायल, साइकल स्ट्याण्ड, २१९ मिटर कम्पाउण्ड वाल, वरण्डामा टायल लगाउने आदि जस्ता नयाँ विकासात्मक कार्य भएका छन् । त्यसै गरी प्रविधिको प्रयोगमा पनि क्याम्पसले आशातीत प्रगति गर्न सफल भएको छ। जस्तै Management Software, Webpage, कम्प्यूटर, ल्यापटप, प्रोजेक्टर, प्रिन्टर, फोटोकपी मेशिन, इन्टरनेट जडान आदि जसले गर्दा क्याम्पसमा अनलाइन तथा भौतिक रूपमा गरिने अध्ययन अध्यापन कार्य थप प्रभावकारी बनेको छ।

यस क्याम्पसमा संचालित MBS, BBA, BBS, B.Ed र B.A कार्यक्रमहरू मध्ये व्यवस्थापन सङ्काय BBA तर्फ शैक्षिकसत्र २०७५/०७६ मा सम्बन्धन केही ढिलो प्राप्त भएको हुनाले थोरैमात्र विद्यार्थी भर्ना भएकोमा शैक्षिकसत्र २०७६/०७७ मा सम्बन्धन अनुसार नै ३३ जना भर्ना भएका छन् भने शैक्षिकसत्र २०७७/०७८ मा २ ९ जना विद्यार्थी भर्ना भएको देखिन्छ, जसलाई निकै उत्साहजनक मान्न सकिन्छ। BBS तर्फ विद्यार्थी भर्ना दरमा उल्लेख्य वृद्धि भएको छ। शैक्षिकसत्र २०७५/०७६ मा ३५४ जना विद्यार्थीहरू भर्ना भएकोमा सो सङ्ख्या शैक्षिकसत्र २०७६/०७७ मा ५७२ पुगेको छ भने शैक्षिकसत्र २०७७/०७८ मा उक्त सङ्ख्या बढेर ७९४ पुगेको छ। यसलाई पनि निकै उत्साहजनक मान्न सकिन्छ। त्यसैगरी शिक्षाशास्त्र सङ्काय B.Ed. तर्फ शैक्षिकसत्र २०७५/०७६ मा विद्यार्थी सङ्ख्या २०५ रहेकोमा शैक्षिकसत्र २०७६/०७७ मा सो सङ्ख्या २७८ पुगेको छ भने शैक्षिकसत्र २०७७/०७८ मा उक्त सङ्ख्या बढेर ३५५ पुगेको छ जसलाई उत्साहजनक मान्न सकिन्छ। त्यसै गरी मानविकी सङ्काय B.A तर्फ विद्यार्थी सङ्ख्या शैक्षिकसत्र २०७५/०७६ मा १० जना रहेकोमा शैक्षिकसत्र २०७६/०७७ मा उक्त सङ्ख्यामा गिरावट आइ ६ जनामा सिमित रहेको छ भने शैक्षिकसत्र २०७७/०७८ मा सो सङ्ख्यामा २ जना मात्र थप भई ८ पुगेको छ जसले गर्दा यो सङ्कायको निरन्तरतामा समस्या देखिएको छ।

आ.व. २०७५/०७६ मा रु. २,२२,२५,९६४.४०/- क्याम्पसको आम्दानी रहेकोमा सो आम्दानी वृद्धि भई आ.व. २०७६/०७७ मा रु. ३,०८,८३,३६१.७७ /- पुगेको देखिन्छ भने आ.व. २०७७/०७८ मा उक्त आम्दानी रु ४,२४,८३,८६०.९९ /- पुगेको देखिन्छ। खर्च तर्फ पनि आ.व. २०७५/०७६ मा रु.१,८८,३४,१३९.४८/- खर्च भएकोमा सो खर्चमा वृद्धि भई आ.व. २०७६/०७७ मा रु. ४,६६,३५,५०२/- पुगेको देखिन्छ भने आ.व. २०७७/०७८ मा उक्त खर्च रु.२,७८,७७,२३१/- पुगेको देखिन्छ।

क्याम्पसको वार्षिक लेखा परीक्षणबाट प्राप्त भएका सुझावलाई क्षमता अनुरुप सम्बोधन गर्दै आइरहेको पनि यस वर्षको कार्य प्रगतिमा प्रष्ट देखिन्छ।

महाकवि देवकोटा क्याम्पस स्थानीय समाजका विभिन्न व्यक्तित्वहरूको सहयोगबाट संचालित भएको हुनाले आफ्नो स्थापना कालदेखि नै समाजका सामाजिक गतिविधिहरूमा संलग्न हुँदै आएको छ। समाजको उपस्थितिलाई व्यवस्थित बनाउने र सामाजिक सम्पत्तिका रूपमा स्थापित गर्न क्याम्पसले विभिन्न निर्णय, नीति निर्माण आदिमा समाजको उच्च उपस्थिति गराउँदै आइरहेको छ। क्याम्पसमा समाजका सदस्यहरूलाई क्याम्पस संरक्षक, अक्षयकोष दाता, क्याम्पस आजीवन सदस्य एवं अन्य पक्षबाट उपस्थित

गराइ समग्र विकासमा समाजको संलग्नता गराइँदै आइएको छ। विभिन्न उद्योग, व्यवसाय, संघ संस्थामा क्याम्पसबाट उत्पादित जनशक्तिलाई रोजगारीका लागि पहल गर्दै संघ संस्थालाई पनि क्याम्पस परिवारमा समावेश गराउने योजनाका साथ अगाडि बढिरहेको छ।

यस क्याम्पसले विकासका लागि प्रयास गर्दागर्दै पनि विभिन्न पक्षबाट अल्पकालीन एवं दीर्घकालीन समस्याहरू आइपरेका देखिन्छन्। समस्याको प्रमुख कारण आर्थिक अभाव देखिएकाले क्याम्पसको गुणस्तर मापन गराइ QAA प्रमाण-पत्र प्राप्त गरे पश्चात् क्याम्पसले BBA र MBS कार्यक्रम संचालन अनुमति प्राप्त गरिसकेको छ भने यस्तै अन्य नयाँ, नयाँ एवं बजारमुखी विषयहरूको सम्बन्धन ल्याई आर्थिक रूपमा सवल हुने प्रयास क्याम्पसले गरिरहेको छ।

क्याम्पसले चालु आ.व. २०७८/०७९ का लागि तयार पारेको बजेटमा रु. ४,४०,६१,३५०/- को आर्थिक कारोबार हुने योजना रणनैतिक योजनाका साथ अघि सारेको छ। यसरी हेर्दा क्याम्पसले पञ्चवर्षिय रणनैतिक योजनाका साथ तयार पारेको वार्षिक कार्यक्रमका लागि निर्धारित स्रोतको प्रर्याप्तता भएको खण्डमा क्याम्पस विकासको अग्रपंक्तिमा पुग्ने देखिन्छ।

# विषयसूची


| क्र.सं. | विषयवस्तु | पेज नं. |
|---|---|---|
| १. | पृष्ठभूमि (Background) | १ |
| २. | Academic Progress | २ |
| ३. | Physical Progress | ५ |
| ४. | Financial Progress | ६ |
| ५. | Social Progress | ८ |
| ६. | समस्या एवम् चुनौतीहरू (Issues and Challenges) | ११ |
| ७. | Annual Work Plan and Budget of the Current Fiscal Year | १४ |
| ८. | Projected Annual Work Plan and Budget of the Three Fiscal Years | १९ |
| ९. | क्याम्पस अन्तर्गतका सङ्काय तथा शाखाहरूको कार्यविधि २०७७ | २१ |
| १०. | क्याम्पसले आ.व.२०७७/०७८ मा गरेका विभिन्न कार्यक्रमहरू | ४० |
| ११. | क्याम्पस संरक्षकहरूको नामावली | ४९ |
| १२. | क्याम्पस आजीवन सदस्यहरूको नामावली | ५० |
| १४. | क्याम्पस अक्षयकोष दाताहरूको नामावली | ५४ |
| १५. | Mahakavi Devkota Campus Staff List | ५५ |
| १६. | प्रश्नावली | ५७ |


# Background:

Education for Excellence भन्ने मूलमन्त्रलाई आत्मसात गर्दै दक्ष र प्रतिस्पर्धी जनशक्ति उत्पादन गरी स्थानीय क्षेत्र र समग्र देशकै विकासमा महत्वपूर्ण योगदान पुर्याउने लक्ष्यका साथ लुम्बिनी प्रदेश (प्रदेश नं. ५) अन्तर्गत भगवान् गौतम बुद्धको जन्मस्थल पावन भूमि लुम्बिनी क्षेत्रभित्र पर्ने बर्दघाट सुस्ता पश्चिम नवलपरासी जिल्लामा अवस्थित ऐतिहासिक "मायादेवी पोखरी", "रामग्राम स्तुप" र प्राचिन कोलीय राज्यको राजधानी "देवदह" नजिकैको पावन भूमि सुनवल नगरपालिका वडा नं. ४ रमवापुरमा स्थापित महाकवि देवकोटा क्याम्पसले वर्तमान समय सापेक्ष गुणस्तरीय शिक्षा प्रदान गर्दै आइरहेको छ। यो क्याम्पस जनसहभागितामा संचालित मुनाफारहित सामुदायिक क्याम्पसका रूपमा वि.सं. २०६० मा त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी स्थापना भएको हो। यसले आफ्नो स्थापना कालदेखि नै निरन्तर रूपमा गुणस्तरीय  शिक्षा प्रदान गर्दै आएको छ।

Learn Locally, Fit Globally अभियानलाई मूर्त रुप दिन अनवरत रूपमा लागिरहेको यो क्याम्पस लुम्बिनी प्रदेश कै शैक्षिक विकासको कोशेढुङ्गा बन्दै गइरहेको कुरा सर्वविदितै छ। यस क्याम्पसको विकासका लागि यस क्षेत्रका राजनैतिक दल, व्यापारी, उद्योगपति, समाजसेवी, बुद्धिजीवी, शिक्षाप्रेमीहरूको अमूल्य सहयोग निरन्तर भैरहेको छ। विद्यार्थीहरूको चौतर्फी विकास एवम् सर्वाङ्गीण उन्नतिको लागि समय सापेक्ष अनुसन्धानमुखी वैज्ञानिक शिक्षण विधि, आधुनिक व्यवस्थापन र प्रविधिको प्रयोगलाई यस क्याम्पसले जोड दिई आएको छ। सहरोन्मुख ग्रामीण क्षेत्रमा संचालित यस क्याम्पसले विभिन्न क्षेत्रमा पछाडि परेका वर्ग, जाति, समुदाय आदिका व्यक्तिहरूलाई विभिन्न आन्तरिक तथा बाह्य छात्रवृत्ति मार्फत् उच्च शिक्षाको पहुँचमा उल्लेख्य सुधार गर्दै आएको छ।

गुणस्तरीय शिक्षा र प्रतिस्पर्धी ज्ञानलाई प्रमुख लक्ष्य बनाइ अगाडि बढीरहेको यस क्याम्पसले मिति २०७४ मंसिरमा गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (QAA) प्रमाण पत्र प्राप्त गरिसकेको छ, उक्त प्रमाण पत्र प्राप्तिसँगै यस क्याम्पसको समग्र विकासमा सकारात्मक प्रभाव परेको देखिन्छ। परिणाम स्वरुप वि.सं. २०७५ पुसमा सबैको साथ र सहयोगबाट क्याम्पसले वर्तमान समयको निकै आकर्षक (BBA) कार्यक्रम समेत प्राप्त गरिसकेको छ भने २०७८ श्रावणमा त्रिभुवन विश्वविद्यालय व्यवस्थापन सङ्काय स्नातकोत्तर तहको MBS कार्यक्रम संचालन अनुमति समेत प्राप्त गरिसकेको छ। QAA प्रमाण पत्र प्राप्त भएसंगै क्याम्पसको शैक्षिक गुणस्तर वृद्धि, भौतिक सुविधा वृद्धि, अनुसन्धान, प्रकाशन, विद्यार्थी सङ्ख्यामा वृद्धि, शिक्षक कर्मचारीहरूको पेशागत विकास आदिमा उल्लेख्य

प्रगति भएको छ । अन्तर्राष्ट्रिय शैक्षिक मापदण्डहरूलाई पछ्याउने क्रममा संस्था हरेक हिसाबले सबल बन्दै गएको छ। साथै विश्वविद्यालय अनुदान आयोगद्वारा संचालित उच्च शिक्षा सुधार कार्यक्रम (HERP) अन्तर्गत यस क्षेत्रबाट लगातार चार वर्षसम्म छनौट हुन सफल भई सबै आ.व.का खरिद तथा निमार्णका कार्यक्रम पनि सम्पन्न गरिसकेको छ।




## Academic Progress:

**Enrolment Trend Analysis of the Last Three Years**

| Year | 2075/076 | | | | | 2076/077 | | | | | 2077/078 | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | Male | Female | EDJ | D | Total | Male | Female | EDJ | D | Total | Male | Female | EDJ | D | M | J | Total |
| BBS | | | | | | | | | | | | | | | | | |
| 1st | 66 | 90 | 24 | 14 | **156** | 140 | 158 | 4 | 15 | **298** | 67 | 106 | 65 | 26 | **13** | **58** | **335** |
| 2nd | 37 | 46 | 15 | 2 | **83** | 50 | 88 | 23 | 12 | **138** | 41 | 122 | 30 | 9 | **15** | **40** | **257** |
| 3rd | 20 | 38 | 8 | 5 | **58** | 33 | 48 | 13 | 3 | **81** | 18 | 61 | 16 | 11 | **3** | **14** | **123** |
| 4th | 17 | 40 | 4 | 1 | **57** | 39 | 16 | 4 | 4 | **55** | 28 | 31 | 12 | 1 | **1** | **6** | **79** |
| **Total** | **140** | **214** | **51** | **22** | **354** | **262** | **310** | **44** | **34** | **572** | **154** | **320** | **123** | **47** | **32** | **118** | **794** |
| **B.Ed.** | | | | | | | | | | | | | | | | | |
| 1st | 12 | 64 | 20 | 3 | **76** | 35 | 99 | 4 | 10 | **134** | 13 | 62 | 29 | 12 | **6** | **29** | **151** |
| 2nd | 7 | 55 | 11 | 1 | **62** | 7 | 49 | 13 | 2 | **56** | 7 | 47 | 16 | 7 | **2** | **19** | **98** |
| 3rd | 3 | 33 | 9 | - | **36** | 8 | 52 | 13 | 1 | **60** | 4 | 27 | 9 | 1 | **1** | **4** | **46** |
| 4th | - | 31 | 3 | 3 | **31** | 3 | 25 | 11 | 1 | **28** | 4 | 40 | 10 | 1 | **0** | **5** | **60** |
| **Total** | **22** | **183** | **43** | **7** | **205** | **53** | **225** | **41** | **14** | **278** | **28** | **176** | **64** | **21** | **9** | **57** | **355** |
| **B.A** | | | | | | | | | | | | | | | | | |
| 1st | 1 | 1 | - | - | **2** | 1 | - | - | - | **1** | 2 | 0 | 1 | 0 | **0** | **2** | **5** |
| 2nd | 3 | 1 | - | - | **4** | 1 | 1 | - | - | **2** | 0 | 0 | 1 | 0 | **0** | **0** | **1** |
| 3rd | 2 | 2 | - | 1 | **4** | 2 | 1 | - | - | **3** | 1 | 1 | 0 | 0 | **0** | **0** | **2** |
| **Total** | 6 | 4 | - | 1 | **10** | 4 | 2 | - | - | **6** | 3 | 1 | 2 | 0 | **0** | **2** | **8** |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **B.B.A** | | | | | | | | | | | | | | | | | |
| 1st Sem | | | | | | 13 | 20 | 1 | - | **33** | 7 | 15 | 2 | - | **4** | **1** | **29** |
| 2nd Sem | | | | | | 1 | 3 | - | - | **4** | 10 | 20 | - | - | **2** | **1** | **33** |
| 3rd Sem | | | | | | | | | | | - | - | - | - | - | - | - |
| **4th Sem** | | | | | | | | | | | - | 3 | - | - | **1** | - | **4** |
| **Total** | | | | | | 14 | 23 | - | - | **37** | | | | | | | **66** |
| G.T. | | | | | **569** | | | | | 892 | | | | | | | 1223 |

प्रस्तुत तथ्याङ्कको विश्लेषण गर्दा शैक्षिकसत्र २०७५/०७६ मा क्याम्पसमा जम्मा ५६९ जना विद्यार्थी रहेकोमा त्यसपछिको शैक्षिकसत्रमा ८९२ जना र शैक्षिकसत्र २०७७/०७८ मा उक्त सङ्ख्या बढेर १२२३ पुगेको छ यसरी क्याम्पसमा स्नातक तह अध्ययनको लागि भर्ना हुने विद्यार्थीहरूको सङ्ख्यामा उत्साहजनक वृद्धि हुँदै आएको देखिन्छ।

व्यवस्थापन सङ्काय (वि.वि.एस.) तर्फ शैक्षिकसत्र २०७५/०७६ मा ३५४ जना विद्यार्थी भर्ना भएकोमा त्यस पछिको शैक्षिकसत्रमा ५७२ र शैक्षिकसत्र २०७७/०७८ मा ७९४ जना विद्यार्थी भर्ना भएको देखिन्छ। यसरी हेर्दा व्यवस्थापन सङ्काय (वि.वि.एस.) तर्फ विद्यार्थी भर्नादर निरन्तर रुपले उल्लेख्य वृद्धि हुँदै आएको देखिन्छ।

शिक्षाशास्त्र सङ्काय (वि.एड.) तर्फ हेर्दा शैक्षिकसत्र २०७५/०७६ मा २०५ जना विद्यार्थी भर्ना भएकोमा त्यस पछिको शैक्षिकसत्रमा २७८ जना विद्यार्थी भर्ना भएको देखिन्छ भने शैक्षिकसत्र २०७७/०७८ मा उक्त सङ्ख्या ३५५ पुगेको देखिन्छ यसरी शिक्षाशास्त्र सङ्काय (वि.एड.) तर्फ पनि विद्यार्थी भर्नादर निरन्तर रुपले वृद्धि भएको देखिन्छ।

मानविकी सङ्काय (वि.ए.) तर्फ शैक्षिकसत्र २०७५/०७६ मा १० जना विद्यार्थी भर्ना भएकोमा त्यस पछिको शैक्षिकसत्रमा सो सङ्ख्यामा गिरावट आई ६ जना मात्र विद्यार्थी भर्ना भएको देखिन्छ भने शैक्षिकसत्र २०७७/०७८ मा सो सङ्ख्या ८ पुगेको देखिन्छ। यसरी हेर्दा शैक्षिकसत्र २०७६/०७७ मा भन्दा २०७७/०७८ मा २ जना विद्यार्थी बढेको भएता पनि यो सङ्कायको निरन्तरतामा समस्या खडा हुन पुगेको छ।

## Pass Rate Trend Analysis of the Last Three Years

| Year | 2075/076 | | | | | 2076/077 | | | | | 2077/078 | | | | | J | Total |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | Male | Female | EDJ | D | Total | Male | Female | EDJ | D | Total | Male | Female | EDJ | M | D | | |
| BBS | | | | | | | | | | | | | | | | | |
| 1st | 14 | 14 | 1 | 1 | **29** | 21 | 27 | 10 | 15 | 48 | - | - | - | - | - | - | - |
| 2nd | 5 | 24 | 1 | 3 | **29** | 14 | 8 | 3 | 2 | **22** | - | - | - | - | - | - | - |
| 3rd | 3 | 16 | - | - | **19** | 8 | 15 | 5 | 2 | **23** | - | - | - | - | - | - | - |
| 4th | 10 | 9 | 2 | 2 | **19** | 3 | 28 | 9 | - | **31** | 10 | 24 | 0 | 2 | 3 | **7** | **34** |
| **Total** | **32** | **63** | **4** | **6** | **96** | **24** | **51** | - | - | **124** | **10** | 24 | 0 | 2 | 3 | **7** | **34** |
| **B.Ed.** | | | | | | | | | | | | | | | | | |
| 1st | 4 | 6 | - | - | **10** | 7 | 12 | 10 | - | **19** | - | - | - | - | - | - | - |
| 2nd | 3 | 16 | 3 | - | **19** | 6 | 20 | 7 | - | **26** | - | - | - | - | - | - | - |
| 3rd | - | 7 | - | 1 | **7** | 1 | 10 | 5 | - | **11** | - | - | - | - | - | - | - |
| 4th | - | - | - | - | - | **1** | **19** | **11** | **2** | **20** | 1 | 13 | 2 | 2 | 0 | 2 | **14** |
| **Total** | **7** | **29** | **3** | **1** | **36** | **15** | **61** | - | - | **76** | **1** | 13 | 2 | 2 | 0 | 2 | **14** |
| **B.A.** | | | | | | | | | | | | | | | | | |
| 1st | 1 | 1 | - | - | **2** | - | - | - | - | 2 | - | - | - | - | - | - | - |
| 2nd | 1 | 1 | - | - | **2** | 1 | 1 | 1 | - | **2** | - | - | - | - | - | - | - |
| 3rd | - | - | - | - | **0** | **1** | - | **1** | - | **1** | - | - | - | - | - | - | - |
| **Total** | **2** | **2** | - | - | **4** | **2** | **1** | - | - | **5** | - | - | - | - | - | - | - |

माथि प्रस्तुत गरिएको तथ्याङ्कलाई हेर्दा शैक्षिकसत्र २०७५/०७६ मा कक्षागत उर्त्तीण सङ्ख्या १३६ जना भएकोमा त्यस पछिको अर्को शैक्षिकसत्रमा सो सङ्ख्या वृद्धि भएर २०५ पुगेको देखिन्छ भने शैक्षिकसत्र २०७७/०७८ मा ४८ जना मात्र विद्यार्थी उर्त्तीण भएको देखिन्छ । विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरसको कारण प्रथम, द्वितीय र तृतीय वर्षको परीक्षा संचालन र नतिजा प्रकाशनमा ढिलाइ भएको हुनाले उक्त उत्तीर्ण सङ्ख्या कम भएको देखिन्छ ।

## Graduate Trend Analysis of the Last Three Years

| Year | BBS | | | | | B . Ed . | | | | | B .A . | | | | | G .tot |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | Male | Female | EDJ | D | Total | Male | Female | EDJ | D | Total | Male | Female | EDJ | D | Total | |
| **2075/76** | 5 | 9 | - | 1 | **14** | 2 | 11 | - | - | **13** | 2 | - | - | - | **2** | **29** |
| **2076/77** | 5 | 21 | 4 | - | **26** | 2 | 25 | 1 | 2 | **27** | 1 | - | 1 | - | **1** | **54** |
| **2077/78** | 7 | 11 | - | 2 | **18** | 1 | 15 | - | - | **16** | - | - | - | 1 | - | **34** |
| **Total** | **17** | **41** | **4** | **3** | **52** | **18** | **37** | **1** | **2** | **56** | **3** | - | **1** | **1** | **3** | **117** |

प्रस्तुत तथ्याङ्कलाई विश्लेषण गरी हेर्दा शैक्षिकसत्र २०७५/०७६ मा २९ जना विद्यार्थीहरूले स्नातक तह उत्तीर्ण गरेको देखिन्छ किनकी शिक्षाशास्त्र सङ्काय तीन वर्षेबाट चार वर्षे भएको र उक्त सङ्कायको नतिजा यहाँ समावेश नभएको

हुनाले स्नातक तह उत्तीर्ण सङ्ख्या कम भएको देखिन्छ, भने त्यस पश्चातको शैक्षिकसत्रमा ५४ जना विद्यार्थीहरूले स्नातक तह उत्तीर्ण गरेको देखिन्छ । त्यसै गरी शैक्षिकसत्र २०७७/०७८ मा ३४ जना विद्यार्थीहरूले स्नातक तह उत्तीर्ण गरेको देखिन्छ । समग्रमा हेर्दा स्नातकतह उत्तीर्ण गर्नेहरूको सङ्ख्या विगतको शैक्षिकसत्रको तुलनामा २०७७/०७८ मा गिरावट आएको देखिन्छ किनभने विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरसका कारण समयमा परीक्षा संचालन र नतिजा प्रकाशन नभएको हुनाले नतिजा कम भएको देखिन्छ ।

**Educational Pedagogy:**

1. Teaching Methods: Group Discussion, Interaction, Student Presentation, Peer Discussion, Online Presentation etc.
2. Teaching Tools: Projector, Internet, Computer,Laptop,Others etc.

# Physical Progress

| S.N | Particular | 2075/076 (No.) | 2076/077 (No.) | 2077/078 (No.) |
|---|---|---|---|---|
| 1. | **Infrastructure Development** | | | |
| | **EducationalAids:** | | | |
| | Computer | - | 30 | - |
| | Projector | - | 3 | - |
| | Laptop | - | 3 | - |
| | Sound System/Speaker | 1 set | 2 | - |
| | Books | 424 | 877 | 1340 |
| | Journals /Devkota Journal | 4 | 1 | - |
| | Desktop | - | 1 | - |
| | Smart Board (People Link ) | - | 3 | - |
| | Reference Books | - | 134 | 23 |
| | Furniture | - | 287 | 16 |
| | Vehicle | - | - | - |
| | Fan / Cooler | - | 40 | - |
| | Printer | - | - | - |
| | Photocopy (Xerox) Machine | - | - | - |
| | Air Condition | - | 15 | - |
| | Generator | - | - | - |
| | CCTV Camera | - | 10 | - |
| | Attendence Machine | 1 | - | - |
| | Class Room | 4 Rooms | 4 Rooms | - |
| | Campus Bountry ,Parking | 219 Meter | 75 Meter | - |
| 2 | Road Pitch | 100 meter | - | - |

| | | | | |
|---|---|---|---|---|
| | Washroom | 2 | - | |
| | **Other** | | | |
| | Water Filter | 2 | 2 | |
| | Water Tank | | 4 | 2 |
| | Other | 1 | 1 | - |
| | Digital Display Board | - | 2 | - |
| | Inverter/Battery | - | 16 | - |
| | Ups- 5 kva | - | 1 | - |
| | Nec Serve Memory | - | 1 | - |
| | Technos TV-55 | - | 1 | - |
| | Stablizer | - | 15 | - |
| | Ring Stool Steel | - | - | 3 |

## Financial Progress

### Sources of Income

| S.N. | Particular | 2075/076 | 2076/077 | 2077/078 |
|---|---|---|---|---|
| 1. | **Self Generated Resources:** | | | |
| 2. | Student Fees | 98,38,694 | 1,25,98,945 | 1,53,02,808 |
| | Others | 17,09,298.47 | 16,52,845.77 | 17,68,890.14 |
| | Bus (Transportation ) | - | 2,73,794 | 4,48,313 |
| 3. | **Grants from Government Sources:** | | | |
| | UGC (Regular Grants, Herp) | 9,34,900 | 18,25,875 | 18,55,875 |
| | Sunwal Municipality<br>Sunwal Municipality Training | 18,23,977<br>1,33,311 | - | - |
| | Other Government | - | - | - |
| | UGC QAA Certificate | - | - | - |
| | QAA Final Visit | - | - | - |
| | HERP (UGC) Procurement | 23,31,227.93 | - | 1,20,49,281.85 |
| | HERP Other | 3,96,800 | - | - |
| | Fund/Uchha Sishya,N.P. | 1,50,000 | - | 1,00,000 |
| | UGC Library Training, Pass Out Increment,Annual Report | - | 7,19,600 | 2,07,840 |
| | UGC Covid Learning | - | - | 12,50,000 |
| | QAA cycle (SSR approved) | - | - | |
| | State Government | 10,50,000 | 1,24,64,247 | 75,32,652 |
| | Sansad Bikash Kosh | 28,40,806 | - | - |
| | UGC Library /Research Training | 1,00,000 | 1,00,000 | - |
| | UGC Research Management Cell | - | - | 5,00,000 |

| | | | | |
|---|---|---|---|---|
| 3. | **Other Sources :** | | | |
| | Campus Life Member | 1,40,677 | 3,26,155 | 13,02,691 |
| | Campus Patron | 2,51,111 | 9,21,900 | |
| | Akshya Kosh (2) | 5,25,162 | - | 15,051 |
| | Scholarship | | | 15,000 |
| | **Total** | **2,22,25,964.40** | **3,08,83,361.77** | **4,24,83,860.99** |

## Expenditures

| S.No. | Particulars | 2075/076 | 2076/077 | 2077/078 |
|---|---|---|---|---|
| 1. | **Recurrent Expense:** | | | |
| | Salary (Teachers) | 83,59,406 | 1,13,34,756 | 1,02,44,011 |
| | Salary (Staff ) | | | 17,11,861 |
| | Other (Direct Expenses ) | 39,03,653 | 49,82,656 | 27,43,607 |
| | Other (Office Expenses ) | | | 23,44,923 |
| | **Capital Expenditure:** | | | |
| | Major Infrastructure Development | 50,13,105 | | 94,15,663 |
| | Minor Infrastructure Development | 1,40,737 | | 6,17,905 |
| | Land Dev. (Boundry, Parking Tyls.) | - | 34,61,999 | 5,11,321 |
| | Equipment purchase | 3,31,258.48 | 46,26,630 | |
| | Electricity Equipment | | | 71,265 |
| | Other Equipment purchase | - | 9,42,550 | |
| | BooksPurchase | 1,82,705 | 6,74,346 | 1,18,700 |
| | Land Purchase | - | - | |
| | Drinking Water Mgmt. | 6,84,110 | 6,31,874 | 5,000 |
| 3. | Bus Purchase | | | |
| | Furniture | - | 17,73,862 | 76,975 |
| | Pitch Road | 6,84,110 | - | |
| | Other | | | |
| | **Maintenance** | 1,89,165 | 1,70,248 | |
| | **Website** | 30,000 | 60,174 | 16,000 |
| | **Total** | **1,88,34,139.48** | **4,66,35,502** | **2,78,77,231** |

माथि प्रस्तुत गरिएको तथ्याङ्कमा उल्लेख भए अनुसार आ.व. २०७५/०७६ मा क्याम्पसको विभिन्न स्रोतबाट प्राप्त आम्दानी रु. २,२२,२५,९६४.४०/- भएको मा रु. १,८८,३४,१३९.४८/- खर्च भएको देखिन्छ । त्यसपछिको आ.व. मा आम्दानी रु. ३,०८,८३,३६१.७७/- भई रु. ४,६६,३५,५०२/- खर्च भएको देखिन्छ । साथै आ.व. २०७७/०७८ मा रु ४२४८३८६०.९९/- आम्दानी भई रु.२७८७७२३१/- खर्च भएको लेखा परीक्षण प्रतिवेदनमा देखिन्छ । गत आ.व. मा खर्च भई चालु आ.व. मा आम्दानी भएको हुनाले चालु आ.व.मा आम्दानी धेरै र खर्च थोरै भएको देखिन्छ ।

## Audit Observations/Issues & Steps taken to mitigate the Issues Raised by Audit Observations in the Last Fiscal Year:

गत वर्षको लेखा परीक्षण प्रतिवेदनबाट प्राप्त सुझावहरूको सम्बोधन :

१. रु. २०,०००/- भन्दा बढीको विल अनिवार्य रूपमा VAT विलबाट खरिद गरिएको छ ।

२. रु. ५०,०००/- भन्दा बढी रकम भुक्तानी गर्दा १.५ प्रतिशत अग्रिम आयकर कट्टी गरिएको छ ।

## Social Progress

**सामाजिक गतिविधिमा क्याम्पसको संलग्नता :**

वि.सं. २०६० सालमा त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी स्थानीय समुदायको प्रत्यक्ष संलग्नताबाट स्थापना भएको महाकवि देवकोटा क्याम्पस एक सामुदायिक शैक्षिक संस्था हो । स्थानीय समुदायको सक्रियतामा संचालित शैक्षिक संस्था भएको नाताले सामाजिक गतिविधिमा क्याम्पसको संलग्नता अपरिहार्य नै देखिन्छ । यो क्याम्पस यसै समाजका व्यक्तिहरूमा उच्च शिक्षाको पहुँच पुर्याउने लक्ष्य राखेर अगाडि बढिरहेको छ । समाजको विकासमा योगदान पुर्याउनको लागि क्याम्पसले अथक प्रयास गरिरहेको छ । यस क्षेत्रमा रहेका विभिन्न धार्मिक, सांस्कृतिक मूल्यमान्यताहरूको जगेर्ना गर्नका लागि क्याम्पसले विभिन्न किसिमका सांस्कृतिक कार्यक्रमहरूको आयोजना गर्दै आइरहेको छ । यस क्षेत्रमा आयोजना हुने विभिन्न उत्सव, मेला, यज्ञ, पूजापाठ, विवाह, व्रतबन्ध, मृत्युसंस्कार, बाटोघाटो बनाउने, मन्दिर निर्माण आदि कार्यमा प्रत्यक्ष/अप्रत्यक्ष रूपमा सहभागिता जनाएर सामाजिक गतिविधिमा आफ्नो संलग्नता कायम गरिरहेको छ । उत्सव, मेला, यज्ञ, जस्ता कार्यक्रममा स्वयंसेवक समेत प्रदान गर्दै आइरहेको छ । सरोकारवाला व्यक्तिहरू साथै वहाँहरूका आफन्तहरूको मृत्यु भएमा सम्बन्धित ठाउँमा पुगी श्रद्धाञ्जली कार्यक्रममा सहभागी भई परिवारजन प्रति समवेदना व्यक्त गर्दै आइएको

छ । परिवार नियोजन, वातावरणीय सरसफाइ, ट्राफिक नियम, स्वास्थ्य शिविर जस्ता विभिन्न गोष्ठी/सम्मेलन आदि कार्यक्रमको आयोजना गरी क्याम्पसले समाजको एक अभिन्न अंगका रूपमा आफ्नो भूमिका निर्वाह गर्दै आइरहेको छ।

## समाजको क्याम्पसलाई योगदान

महाकवि देवकोटा क्याम्पस बर्दघाट सुस्ता पश्चिम नवलपरासी जिल्ला, सुनवल नगरपालिका वडा नं. ४ मा अवस्थित छ। यो क्याम्पस स्थानीय समाजका वुद्धिजीवी, समाजसेवी, व्यापारी, उद्योगपति, शिक्षाप्रेमी साथै अन्य व्यक्तित्वहरूको प्रत्यक्ष सहयोगबाट स्थापित भएको लुम्बिनी प्रदेशकै अग्रणी सामुदायिक शैक्षिक संस्था हो। स्थानीय समाजका गन्यमान्य व्यक्तित्वहरूको आर्थिक, बौद्धिक साथै भौतिक सहयोगबाट संचालन भएको हुनाले समाजको क्याम्पसलाई अतुलनीय योगदान भएको कुरा पुष्टि हुन्छ। क्याम्पसले संचालन गर्ने विभिन्न कार्यक्रमहरूमा सहभागी भएर समाजले क्याम्पसलाई सहयोग गर्दै आएको छ। समाजका सदस्यहरू क्याम्पसमा क्याम्पस संरक्षक, अक्षयकोष दाता, आजीवन सदस्य बनेर सहयोग गरिरहेका छन्। क्याम्पस संचालनको सम्पूर्ण जिम्मेवारी बोकेको क्याम्पस संचालक समितिका साथै क्याम्पस सल्लाहकार समितिका पदाधिकारीहरू पनि यसै समाजका व्यक्तित्वहरू हुनुहुन्छ यसबाट पनि के प्रस्ट हुन्छ भने समाजको क्याम्पसलाई ठूलो यागदान रहेको छ। त्यति मात्रै नभएर क्याम्पसको भौतिक सामग्रीहरूको संरक्षण गर्दै क्याम्पसका नीतिनिर्माण तथा योजना निर्माणमा समुदायले  आवश्यक सहयोग गरी योगदान पुर्याउँदै आएको छ। समाजको उक्त सहयोगलाई क्याम्पसले उच्च कदर गरी भविष्यमा पनि यो सहयोग र साथ निरन्तर रहिरहने छ भन्ने अपेक्षा गर्दछ।

## क्याम्पसले समाजप्रति गर्ने योगदानको योजना

स्थानीय समुदायको सक्रियतामा स्थापना भएको महाकवि देवकोटा क्याम्पस गैरनाफामूलक सामुदायिक शैक्षिक संस्था भएको हुनाले समाजप्रति यस क्याम्पसको योगदान रहने कुरामा कुनै दुई मत नै छैन्। यस क्याम्पसले समाजको शैक्षिक साथै चौतर्फी विकासमा महत्वपूर्ण योगदान पुर्याउँदै आएको छ। समाजप्रतिको आफ्नो जिम्मेवारी पूरा गर्न क्याम्पसले यहाँ अध्ययन गर्ने विद्यार्थीहरूलाई विभिन्न सामाजिक कार्यहरूमा सहभागी गराउँदै आएको छ। समाजका नागरिकहरूलाई स्वस्थ राख्न विभिन्न समयमा स्वास्थ्य परीक्षण शिविर संचालन गर्दै आइरहेको छ। समाजमा संचालन हुने  उत्सव, मेला, यज्ञ, पूजापाठ, विवाह, व्रतबन्ध, मृत्युसंस्कार, बाटोघाटो बनाउने, मन्दिर निर्माण  जस्ता सामाजिक कार्यक्रमहरूमा क्याम्पस सहभागी भइरहेको छ। सस्तो र सर्वसुलभ रूपमा

समयानुकूल गुणस्तरीय शिक्षा प्रदान गरिरहेको छ । समुदायलाई वातावरणप्रति सचेत बनाउन वातावरण सरसफाइ कार्यक्रम संचालन गर्दै आइरहेको छ। जनताको स्वास्थ्यलाई मध्यनजर गर्दै क्याम्पसले समय समयमा मातृशिशु तथा परिवार नियोजन सम्बन्धी कार्यक्रम संचालन गर्दै आइरहेको छ। समाजका गरिब तथा विपन्न वर्गका व्यक्तिहरूलाई सहयोग गर्नका लागि सामाजिक सुरक्षा कोष निर्माण गरी रकम जम्मा गर्दै आएको छ। विश्वव्यापी महामारीका रूपमा फैलिएको कारोना भाइरस (Covid-19) समुदायमा फैलन नदिन र समुदायलाई बचाउन क्याम्पसमा क्वारेन्टइन निर्माण गरेर समाजलाई योगदान पुर्याएको छ। गरिब परिवारका जेहन्दार विद्यार्थीहरू उच्च शिक्षाको अवसरबाट बञ्चित हुन नपरोस् भनि क्याम्पसले छात्रवृत्ति वितरण गर्दै आएको छ। बढ्दो सवारी दुर्घटनालाई न्यूनीकरण गर्न र ट्राफिक सचेतना बढाउन वक्तृत्वकला प्रतियोगिताको आयोजना गर्दै आएको छ। क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूलाई विभिन्न धार्मिक तथा सांकृतिक कार्यक्रममा सहभागी गराएर समाजिक कार्यमा लाग्ने बाटो निर्माण गरेको छ। क्याम्पस वरिपरिका शैक्षिक संस्थाहरूको गुणस्तर वृद्धि गर्न उनीहरूले माग गरे अनुसारको विशेषज्ञ सुविधा उपलब्ध गराएर सहयोगी भूमिका निर्वाह गरिरहेको छ। क्याम्पस वरिपरिको समाजको विकास निर्माणमा समेत क्याम्पसले सहयोग गरेको छ। क्याम्पसले सुनवल लगायत समग्र राष्ट्रको उन्नतिमा योगदान पुऱ्याउने दीर्घकालिन लक्ष्य रणनैतिक योजना मार्फत् सार्वजनिक गरेको छ।

## क्याम्पसमा समाजको सहभागिता वृद्धि गर्ने योजना

महाकवि देवकोटा क्याम्पस वि.सं. २०६० सालमा त्रिभुवन विश्वविद्यालयबाट संचालन सम्बन्धन प्राप्त गरी स्थापना भएको सामुदायिक शैक्षिक संस्था हो। स्थानीय समाजका वुद्धिजीवी, समाजसेवी, व्यापारी, उद्योगपति, शिक्षाप्रेमी साथै अन्य व्यक्तित्वहरूको प्रत्यक्ष सहयोगबाट स्थापना भएको यो क्याम्पसले विद्यालयीय शिक्षा पूरा गरिसकेपछि उच्च शिक्षा प्राप्त गर्नको लागि धेरै लगानी र लामो समय खर्च गरी टाढा टाढा जानु पर्ने तत्कालिन परिस्थितिको अन्त्य गरी आफ्नै गाउँ घरमा पनि गुणस्तरीय शिक्षा दिन सकिन्छ भन्ने उद्देश्य लिएको छ। क्याम्पसले समाजको सहभागिता वृद्धि गर्न समाजका विभिन्न व्यक्तित्वहरूलाई क्याम्पसमा क्याम्पस संरक्षक, अक्षयकोष दाता साथै आजीवन सदस्य बनाउँदै आएको छ। हरेक वर्ष वितरण गरिँदै आएको छात्रवृत्ति वितरण कार्यक्रममा अभिभावकहरूलाई सहभागी गराइएको छ। छात्रवृत्ति रकम प्रदान गर्नको लागि स्थानीय समाजका वुद्धिजीवी, समाजसेवी, व्यापारी, उद्योगपति, शिक्षाप्रेमी साथै अन्य व्यक्तित्वहरूलाई आग्रह गरिएको छ। दाताहरूबाट सहयोग मागी छात्रवृत्ति वितरणको लागि अक्षयकोष स्थापना गरिएको

छ । क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूलाई विभिन्न तालिम, इन्ट्रनसिप साथै अन्य सहयोग प्रदान गर्न स्थानीय व्यापारी, उद्योगपति, व्यवसायी, संघ संस्थालाई जिम्मेवारी बोध गराइएको छ । समुदायलाई क्याम्पसको नीतिनिर्माण र योजना निर्माणमा सहभागी गराएर क्याम्पसप्रति जिम्मेवार बनाइएको छ ।

## समस्या एवम् चुनौतीहरू (Issues & Challenges)

महाकवि देवकोटा क्याम्पस नवलपरासी जिल्ला सुनवल नगरपालिका वडा नं. ४ को सहरोन्मुख ग्रामिण परिवेशमा स्थापित गैरनाफामूलक सामुदायिक क्याम्पस हो । ग्रामीण परिवेशमा स्थापित यस्ता गैरनाफामूलक समुदायिक शैक्षिक संस्था संचालन गर्न अत्यन्त कठिन कार्य हो । न्यून विद्यार्थीहरूलाई  न्यून शुल्कमा अध्यापन गराउनु पर्ने बाध्यता एकातर्फ छ भने अर्कोतर्फ राज्यको तर्फबाट नगन्य आर्थिक सहयोग प्राप्त हुनुले नेपालको ग्रामीण परिवेशका करिब करिब सबै जसो सामुदायिक क्याम्पसहरू कठिन अवस्थामा संचालित छन् । महाकवि देवकोटा क्याम्पस पनि त्यस्ता शैक्षिक संस्था मध्येको एक हो । साधन स्रोतको प्रतिकूलताका बाबजुत पनि उच्च गुणस्तर कायम राख्दै र अन्तर्राष्ट्रिय मापदण्डलाई पछ्याउँदै हिँडेका नेपालका ग्रामीण परिवेशका सामुदायिक क्याम्पसहरू मध्ये अग्रपङ्तिमा आफूलाई उभ्याउने प्रयास गरिरहेको यस क्याम्पसको अवस्थालाई हेर्ने हो भने केही सन्तोष लिनुपर्ने अवस्था पनि देखिन्छ ।

यो क्याम्पस संचालनका क्रममा देखिएका चुनौती तथा अगाडि बढ्नका लागि भए गरेका प्रयासहरूलाई तल उल्लेख गरिएको छ :

### चुनौतीहरू

यो क्याम्पस संचालनका क्रममा महशुस गरिएका चुनौतीहरूलाई दुई भागमा विभाजन गरिएको छ :

क. अल्पकालीन चुनौती

ख. दीर्घकालीन चुनौती

**क. अल्पकालीन चुनौती :**

१. भौतिक स्रोत साधनको प्रयाप्तता नहुनु,

२. अनुसन्धान तथा प्रकाशन जस्ता प्राज्ञिक कार्यहरू प्रयाप्त नहुनु,

३. आवश्यक पृष्ठपोषण संरचनाको कमी हुनु,

४. अन्तर्राष्ट्रिय प्राज्ञिक गतिविधिहरूसँगको सम्पर्कमा  कमि हुनु,

५. समुदायबाट प्रयाप्त आर्थिक स्रोत जोहो गर्न कठिन हुनु,

६. शिक्षकहरूको उच्च शिक्षा अध्ययन तथा पेशागत विकासमा प्रयाप्त सहयोग गर्न नसक्नु,

७. बजारको वर्तमान माग अनुसारको नयाँ- नयाँ शैक्षिक कार्यक्रमहरू जस्तै BBM, BTTM, BHM, B.Ed. ICT, आदि संचालनको सम्बन्धन प्राप्त गर्न नसकिएको,

८. क्याम्पसको नियमित अतिरिक्त आम्दानीको स्रोत नहुनु,

९. शिक्षक तथा कर्मचारीहरूको स्थायित्व तथा वृत्तिविकासका लागि आकर्षक सेवा सुविधाहरू प्रदान गर्न नसक्नु,

### ख. दीर्घकालीन चुनौती

१. सामुदायिक क्याम्पसहरूलाई केन्द्रीय, प्रदेश तथा स्थानीय सरकारको तर्फबाट आवश्यक सहयोग गर्ने स्पस्ट नीतिगत व्यवस्था नहुनु,

२. नेपालको वर्तमान उच्च शैक्षिक बेरोजगारीका कारणले विद्यार्थीहरूमा पढाइप्रतिको उत्प्रेरणामा कमि हुनु,

३. विश्वविद्यालय तथा क्याम्पसहरूबाट प्राप्त ज्ञान, सिप र दक्षता विद्यार्थीहरूको दैनिक जीवनसँग प्रत्यक्ष रूपमा कम सम्बन्धित हुनु,

४. छरितो परिणाममुखी ढाँचाको सट्टा लामो प्रकियामुखी ढाँचाको अवलम्बन गर्नुपर्ने वाध्यता हुनु,

५. उत्तीर्ण भएका विद्यार्थीहरूलाई विभिन्न क्षेत्रहरूमा पदस्थापन तथा व्यवस्थापन गर्ने सरकारी नीति तथा कार्यक्रमहरू नहुनु ।

## प्रयासहरू

लुम्बिनी प्रदेश बर्दघाट सुस्ता पश्चिम नवलपरासी जिल्ला, सुनवल नगरपालिका, वडा नं. ४ को सहरोन्मुख ग्रामीण परिवेशमा स्थापित महाकवि देवकोटा क्याम्पस अनेकन चुनौतीहरूका बाबजुत पनि यस क्षेत्रका विद्यार्थीहरूलाई गुणस्तरीय उच्च शिक्षा प्रदान गर्नका लागि उच्च मनोबलका साथ अगाडि बढ्न प्रयासरत छ । तसर्थ यस क्याम्पसले वि.सं. २०७१ सालबाट  गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (QAA) प्रक्रियामा प्रवेश गरी त्यसका लागि आवश्यक पर्ने विभिन्न क्रियाकलापहरू गर्दै वि.सं. २०७४ मंसिरमा बहुप्रतिक्षित (QAA) प्रमाण पत्र प्राप्त गरिसकेको छ । यो प्रमाण पत्रको प्राप्तिसँगै यस क्याम्पसको समग्र विकासमा सकारात्मक प्रभाव परेको देखिन्छ । फलस्वरुप वि.सं. २०७५ पुसमा सबैको साथ र सहयोगबाट क्याम्पसले वर्तमान समयको निकै आकर्षक

(BBA) कार्यक्रम समेत प्राप्त गरिसकेको छ भने २०७८ श्रावणमा त्रिभुवन विश्वविद्यालय व्यवस्थापन सङ्काय स्नातकोत्तर तहको (MBS) कार्यक्रम संचालन अनुमति समेत प्राप्त गरिसकेको छ। (QAA) प्रमाण पत्र प्राप्त भएसंगै क्याम्पसको शैक्षिक गुणस्तरमा वृद्धि, भौतिक सुविधा वृद्धि, अनुसन्धान, प्रकाशन, विद्यार्थी सङ्ख्यामा वृद्धि, शिक्षक कर्मचारीहरूको पेशागत विकास आदिमा उल्लेख्य प्रगति भएको छ। अन्तर्राष्ट्रिय शैक्षिक मापदण्डहरूलाई पछ्याउने क्रममा संस्था हरेक हिसाबले स्वस्थ बन्दै गएको छ। फलस्वरुप UGC बाट संचालित उच्च शिक्षा परियोजना (HERP) अन्तर्गत यस क्षेत्रबाट लगातार चार वर्षसम्म छनौट हुन सफल भई सबै आ.व.का खरिद तथा निमार्णका कार्यक्रम पनि सम्पन्न गरिसकेको छ। आगामी ३ वर्ष भित्र उच्च शिक्षा सुधार योजनाबाट अधिक सहयोग प्राप्त गरी समग्र विकासमा कोल्टो फेर्ने सम्भावना नजिकिएको छ। अर्थात् QAA र HERP कार्यक्रम मार्फत् नेपालका साना समुदायिक क्याम्पसहरू मध्ये नमुना क्याम्पसको रूपमा विकसित हुने सम्भावना प्रष्टै देखिएको छ।

## चुनौतीहरू सम्बोधन गर्ने भावी योजना

महाकवि देवकोटा क्याम्पसको समग्र विकासमा देखिएका समस्या तथा चुनौतीहरूसँग यथोचित ढंङ्गले सामना गर्दै नमुना क्याम्पसको रूपमा विकास गर्नका लागि यस क्याम्पसका भावी योजनाहरू यस प्रकार छन् :

१. UGC ले संचालन गर्ने नयाँ नयाँ कार्यक्रमहरू प्राप्त गरी सफलतापूर्वक सम्पन्न गर्ने।
२. रणनैतिक योजना (Strategic Plan) सफलतापूर्वक कार्यान्वयन गर्ने।
३. केन्द्र, प्रदेश तथा स्थानीय सरकारबाट आर्थिक सहयोग प्राप्त गरी त्यसलाई समुचित सदुपयोग गरी क्याम्पसको विकासलाई तिब्रता दिने।
४. समुदायसँग आवश्यक सहकार्य गर्दै क्याम्पस विकासमा सहभागी गराउने।
५. उच्च शैक्षिक गुणस्तर कायम गर्ने।
६. विभिन्न दातृ निकायहरूसँग पहुँच पुऱ्याई स्रोत साधन जुटाउने।
७. क्याम्पसलाई स्वयत्तता तर्फ लैजान प्रयास गर्ने।
८. क्याम्पसको गुरुयोजना तयार गरी कार्यान्वयन गर्ने।
९. शिक्षकहरूको वृत्तिविकास र स्थायित्वका लागि योजनाबद्ध रुपले कार्य प्रारम्भ गर्ने।
१०. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दाताहरूसँग सम्बन्ध विकास गरी स्रोत, साधन जुटाउने।

# Annual Work Plan and Budget of the Current Fiscal Year

## आम्दानीतर्फ

| क्र.स. | आम्दानीका शीर्षकहरू | चालु आ.व. जेष्ठ सम्मको वास्तविक | अ.सु. | २०७८/०७९ को अनुमानित |
|---|---|---|---|---|
| क. अन्तरिक स्रोतहरू | | | | |
| १ | भर्ना शुल्क | ७२,३५,८७० | १ | १,८०,६६,९०० |
| २ | मासिक शुल्क | ५२,४९,८०२ | २ | १,२६,९३,००० |
| ३ | भर्ना फारम | ४५,१०० | ३ | ३५,२०० |
| ४ | परिचय पत्र | ९५,००० | ४ | ७०,४०० |
| ५ | प्राथमिक उपचार (स्वा. से.) | २६,४७० | ५ | ४६,५५० |
| ६ | रजिष्ट्रेशन शुल्क | २,३४,००० | ६ | ३,८५,००० |
| ७ | वोर्ड परीक्षा शुल्क (व्याक सहित) | १६,४४,०९० | १३ | २२,०८,८०० |
| ८ | अभ्यास शिक्षण शुल्क | ६०० | ७ | १,५०,००० |
| ९ | प्रमाण पत्र शुल्क | १,२०,५०० | ८ | १,६०,००० |
| १० | टाई शुल्क | ५०,६२५ | | ५०,००० |
| ११ | टी - सर्ट | १२,००० | | ४०,००० |
| १२ | व्याज आम्दानी | ६३,२०४।३० | | ३५,००० |
| १३ | आन्तरिक परीक्षा शुल्क | १,८३,१७८ | ९ र १० | १,९७,५०० |
| १४ | विविध आम्दानी | ५,१६,४४९ | | २,००,००० |
| १५ | विद्यार्थी कल्याणकारी कोष छात्रवृत्ति | ५२,२०० | १२ | ९३,००० |
| १६ | यातायात | ४,४३,५१३ | | ५,००,००० |
| १७ | अनुसन्धान शुल्क (वि.वि.एस. चौथो वर्ष) | ९०० | ११ | १,७५,००० |
| १८ | ल्याब, लाइब्रेरी | ६,६०,००० | | |
| | जम्मा रु "क" | १६,६३,३५०१.३० | | ३५,१०,६३५० |
| ख. बाह्य स्रोतहरू | | | | |
| १ | विश्वविद्यालय अनुदान आयोग -नियमित अनुदान) | १८,५५,८७५ | | १०,००,००० |
| २ | विश्वविद्यालय अनुदान आयोग, विशेष कार्यक्रम | ० | | १,५०,००० |

| | | | | |
|---|---|---|---|---|
| ३ | सुनवल नगरपालिका | १,३७,५७,१२१।८५ | | १८,००,००० |
| ४ | तालिम Montessori | ४०,२५० | | ५०,००० |
| ५ | उच्चशिक्षा अनुदान, नियमित | १,००,००० | | १,५०,००० |
| ६ | प्रदेश सरकार | ३९,३९,४४३ | | ५०,००,००० |
| ७ | आर्थिक सहायता, चन्दा र विविध | ० | | १,००,००० |
| ८ | आर्थिक क्याम्पस संरक्षक | ० | | ५,०१,००० |
| ९ | आर्थिक क्याम्पस आजीवन सदस्य | १४,५३,२०१ | | २,०४,००० |
| | जम्मा रु "ख" | २,११,४५,८९०.८५ | | ८९,५५,००० |
| | कुल (क र ख) जम्मा रु | ३,७७,७९,३९२.१५ | | ४,४०,६१,३५० |

खर्चतर्फ

| क्र.स. | खर्चका शीर्षकहरू | आ.व. ०७७/ ०७८ जेष्ठ सम्मको वास्तविक | अ.सु. | २०७८/०७९ को अनुमानित |
|---|---|---|---|---|
| १ | प्रशासनिक खर्च तर्फ | | | |
| | १. तलब भत्ता पर्व | ९१,४०,९०५ | १, २ | १,९३,१५,३३१ |
| | २. पर्व खर्च | ० | | |
| | ३. दिवाकालिन प्रशासन, कर्मचारी | ० | १ | ९,७२,००० |
| | ४. दैनिक भ्रमण | १,२१,९४६ | | २,००,००० |
| | ४. अतिथि सत्कार | ५५,६५५ | | १,००,००० |
| | ५. टेलिफोन, इन्टरनेट | १४,९५० | | १,००,००० |
| | ६. विजुली महशुल | १,२५,६४५ | | २,००,००० |
| | ७. मसलन्द छपाई स्टेशनरी, विज्ञापन | १,८४,७५४ | | २,००,००० |
| | ८. नविकरण | ३,००० | | ५०,००० |
| | ९. भाडा भरौट | ६२,४५० | | ५०,००० |
| | १०. उपदान कोष | ० | | ५,००,००० |
| | ११. संचय कोष | ० | ३ | ७,९७,७४४ |
| | १२. मर्मत तथा संभार (सबै) | ६३,३७१ | | ५,००,००० |
| | १३. खानेपानी महशुल | ५,५५५ | | ३६,००० |
| | १४. इन्धन खर्च (जेनेरेटर) | २४,४७७ | | ५०,००० |
| | १५. टाई खरिद | ७९,७४८ | | ४०,००० |
| | १६. टी. सर्ट खरिद | ० | | १,००,००० |
| | १७. तालिम खर्च | ९५०० | | १,५०,००० |
| | १८. यातायात खर्च (मर्मत र इन्धन) | ५,९४,३०० | | १०,००,००० |
| | १९. विद्यार्थी | ० | | |

| | | | | |
|---|---|---|---|---|
| | २०. प्राथमिक उपचार (रेडक्रस) | ५,०६६ | | २०,००० |
| | २१. क्याम्पस सभा | ११२२१६ | | १,५०,००० |
| | २२. विषय थप | ७६४१५ | | १०,००,००० |
| | २३. रजिष्ट्रेशन खर्च | २५,००० | | ३,००,००० |
| | २४. ब्याज खर्च | २३,०१४ | | |
| | २५. पूजा सामाग्री | १५,२९० | | २०,००० |
| | २६ कार्यक्रम स्वायत्तता | | | २,५०,००० |
| | २७. लेखा परीक्षण | | | ५०,००० |
| | २८ रणनैतिक योजना | २६,५३० | | |
| | २९ कोभिड विमा | १९,८०० | | |
| | ३० सरसफाइ | ४३,१८५ | | ५०,००० |
| | ३१. TDS दाखिला | ३१६ | | |
| | जम्मा खर्च १ | १,०८,३३,०८८ | | |
| २ | पुस्तकालय खर्च | | | |
| | १. पुस्तक खरिद | ५०,४१२ | | १०,००,००० |
| | २.सफ्टवेयर खरिद नविकरण | ६,००० | | २,५०,००० |
| | जम्मा खर्च २ | ५६,४१२ | | |
| ३ | परीक्षाखर्च | | | |
| | १. वार्षिक बोर्ड परीक्षा | १०,३८,१६५ | | १०,००,००० |
| | २. आन्तरिक मूल्याङ्कन परीक्षा | १६,६३० | | १,५०,००० |
| | ३. त्रि. वि. सेवा शुल्क | ३,५६,७५० | | |
| | जम्मा खर्च ३ | १४,११,५४५ | | |
| ४ | भौतिक निर्माण खर्च | | | |
| | १. फर्निचर खरिद | ० | | १२,००,००० |
| | २. खेलकुद सामग्री | १६,७६३ | | ५०,००० |
| | ३. (क्याम्पस विकास ) | ४५,०८० | | ५,००,००० |
| | ४. विद्युतीकरण | ७१,२६५ | | |
| | ५. क्याम्पस बस | ० | | ५,००,००० |
| | जम्मा खर्च ४ | १,३३,१०८ | | |
| ५ | ह्रास कोष व्यवस्था | ० | | २,४२,९६९ |
| ६ | शैक्षिक सामग्री तर्फः | | | |

| | | | | |
|---|---|---|---|---|
| | १. उपकरण | ० | | १०,००,००० |
| | २. शैक्षिक भ्रमण :<br>क. BBA<br>ख. B.Ed 3rd Year<br>ग. BBS 4th Year<br>घ. भ्रमण (संचालक, शिक्षक, कर्मचारी ) | १,३८,२२० | | २,००,०००<br>५०,०००<br>५०,०००<br>२,००,००० |
| | ३. शैक्षिक सामग्री कम्पूटर,ल्यापटप, प्रोजेक्टर, अन्य | ० | | |
| | ४. CCTV क्यामेरा, वायरिङ्ग | 0 | | |
| | ५. रुम पार्टेशन | 0 | | |
| | ६. Air Condition,Fan with wiring | 0 | | |
| | ७. सिंढी निर्माण | 0 | | |
| | ८. फल्स सिलिङ्ग | 0 | | |
| | ९. वायर फिल्टर, प्लम्विङ्ग | 0 | | |
| | १०. क्याम्पस विल्डिङ्ग, फर्निचर पेन्टिङ्ग | 0 | | |
| | ११. वाटर टेङ्क प्लम्विङ्ग | 0 | | |
| | १२.क्याम्पस मर्मत सम्भार (चमेना गृह) | 0 | | |
| | १३. क्याम्पस मर्मत सम्भार (क्याम्पसबाट) | 0 | | |
| | १४. फर्निचर, शिशा, ढोका | 0 | | |
| | १५. साउण्ड सिष्टम – थप | 0 | | |
| | १६. LED Moving Display | 0 | | |
| | १७. नयाँ भवन निर्माण-प्रदेश | ४९,०५,८६३ | | ५०,००,००० |
| | १८. बाटो निर्माण (भित्र बाहिर) | २४,००० | | |
| | १९. विधुत वायरिङ्ग | 0 | | ५०,००० |
| | २०. भवन मर्मत | ५,७३,३९५ | | ३,००,००० |
| | २१. रंग रोगन | १४,५१० | | १,००,००० |
| | २२. कक्षाकोठा निर्माण-प्रदेश | 0 | | |
| | २३. विधुत मर्मत वायरिङ्ग | 0 | | |

| | | | | |
|---|---|---|---|---|
| | २४. फ्लोरिङ्ग, टायल्स | 0 | | |
| | २५. पार्किङ्ग टायल्स, गार्डेनिङ्ग, ड्रेन | ४,८७,३२१ | | |
| | २६. इन्जिनियरिङ्ग | ३०,००० | | |
| | २७. खानेपानी पार्किङ्ग, बाँउन्डरी | ५००० | | २,१५०,००० |
| जम्मा खर्च ५ र ६ | | ६१,७८,३०९ | | |
| ७ | विद्यार्थी स्वागत, बिदाइ | 0 | | १,५०,००० |
| ८ | स्वागत कार्यक्रम – BBA | २,९०,८६७ | | १,५०,००० |
| ९ | Montessori | २५,४६६ | | २०,००० |
| १० | छात्रवृत्ति | ९१,५०० | | ५,००,००० |
| | जम्माखर्च ७ देखि १० सम्म | ४,०७,८३३ | | |
| ११ | विभागतथा सेलहरू तर्फ | 0 | | |
| | १. शोध तथा अनुसन्धान | ५३,७१५ | | ५,०५,००० |
| | २.सूचना सेल, प्रकाशन | १,६२,४३७ | | १३,७००० |
| | ३. IQAC | ७५० | | ६०,००० |
| | ४.आन्तरिक परीक्षा | 0 | | १२२००० |
| | ५. सामाजिक सुरक्षा कोष | | | ३,५०,००० |
| | ६. विद्यार्थी सहयोग तथा परामर्श | १,०५० | | २०,००० |
| | ७. विद्यार्थी भर्ना विज्ञापन | ४६,९५५ | | १,५०,००० |
| | ८. अतिरिक्त क्रियाकलाप | ३४०९० | | १,०७,००० |
| | ९. QAA | 0 | | २,९८,००० |
| | १०. व्यवस्थापन सङ्काय | १३,८८० | | ३०,००० |
| | ११.शिक्षा तथा मानविकी सङ्काय | ११,१९० | | ३०,००० |
| | १२. EMIS | १,८०० | | २५,००० |
| १२ | १. Guest Professor | २१,११८ | | १,५०,००० |
| | २. ISR (सामाजिक जिम्मेवारी) | १८,७८० | | ३०,००० |
| | ३. विविध खर्च | १,११,१५५ | | ६,१३,३०६ |
| | प्राज्ञिक विकास | | | |
| १३ | १.उच्च शिक्षा अध्ययन | 0 | | २,५०,००० |
| | २.शिक्षक तालिम | 0 | | १,५०,००० |
| | ३.लेख,रचना | 0 | | १,००,००० |
| | जम्मा खर्च १२ देखि १३ सम्म | १,५१,०५३ | | |
| जम्मा खर्च १ देखि १२ सम्मको | | १,९४,९७,२१५ | | ४,४०,६१,३५० |

## Projected Annual Work Plan and Budget of the Three Fiscal Years following the Current Fiscal Year (as per the Strategic Plan):

| S. No. | Work Plan (as per objectives) | 2077/078 | 2078/079 | 2079/080 |
|---|---|---|---|---|
| 1. | **Offer attractive academic programs according to current global context .** | | | |
| | a. New Affiliation | 1,00,000 | 15,00,000 | 20,00,000 |
| | b. Program Autonomy | - | 3,00,000 | 2,00,000 |
| | c. Section Add in BBA | 5,00,000 | 15,00,000 | - |
| | d. International demanded course affiliation preparation | - | 15,00,000 | 15,00,000 |
| | **Total (1)** | **6,00,000** | **48,00,000** | **37,00,000** |
| 2. | **Increase equity access in higher education** | | | |
| | a .Scholarship | 4,00,000 | 4,00,000 | 4,00,000 |
| | b .Book distribution | 4,00,000 | 4,00,000 | 4,00,000 |
| | **Total (2)** | **8,00,000** | **8,00,000** | **8,00,000** |
| 3. | **Internship on National and international employers** | | | |
| | a .internship | 4,00,000 | 4,00,000 | 4,00,000 |
| | **Total (3)** | **4,00,000** | **4,00,000** | **4,00,000** |
| 4. | **Placement to passout student** | | | |
| | a .Placement | 3,00,000 | 3,00,000 | 3,00,000 |
| | b .Self emploimwnt | 1,50,000 | 1,50,000 | 1,50,000 |
| | **Total (4)** | **4,50,000** | **4,50,000** | **4,50,000** |
| 5. | **Enrich Research cell** | | | |
| | a .Research cell | 4,00,000 | 5,50,000 | 4,00,000 |
| | b .Consultancy service depart | 1,50,000 | - | - |
| | **To al (5)** | **5,50,000** | **5,50,000** | **4,00,000** |
| 6. | **Provide Research consultancy extension service** | | | |
| | a .Research service | 3,50,000 | 3,50,000 | 3,50,000 |
| | b .Consultancy and extension service | - | 4,00,000 | - |
| | **Total (6)** | **3,50,000** | **7,50,000** | **3,50,000** |
| 7. | **Public Research Based Journal** | | | |
| | a .Journal public | 4,00,000 | 4,00,000 | 4,00,000 |
| | b .article public | 250000 | - | - |
| | **Total (7)** | 6,50,000 | **4,00,000** | **4,00,000** |
| 8. | **Relate Teaching and learning with Research** | | | |
| | a .Research in Teaching | - | 1,00,000 | - |
| | b .Research in Learning | 50,000 | 50,000 | 50,000 |

| | | | | |
|---|---|---|---|---|
| | Total (8) | **50,000** | **1,50,000** | **50,000** |
| 9 . | **Professional Development of faculty**<br>a .Further study<br>b .Training<br>c .Retain the faculties | <br>1,50,000<br>2,50,000<br>As per required | <br>1,50,000<br>2,50,000<br>As per required | <br>1,50,000<br>2,50,000<br>As per required |
| | **Total (9)** | **4,00,000** | **4,00,000** | **4,00,000** |
| 10 . | **Use the modern technology in teaching learning**<br>a .Electornic Device<br>b .Technology inteaching | <br>2,00,000<br>Regularly | <br>2,00,000<br>REGULARLY | <br>2,00,000<br>Regularly |
| | **Total (10)** | **2,00,000** | **2,00,000** | **2,00,000** |
| 11 . | **Manage adequate learning resources in campus**<br>a .Book<br>b .Library extension<br>c .Lab | <br>4,50,000<br>-<br>- | <br>4,50,000<br>2,00,000<br>- | <br>4,50,000<br>40,00,000<br>- |
| | **Total (11)** | **4,50,000** | **6,50,000** | **44,50,000** |
| 12 . | **Professional skill development of student**<br>a .Training<br>b .Extra activities | <br>5,00,000<br>3,00,000 | <br>5,00,000<br>3,00,000 | <br>5,00,000<br>3,00,000 |
| | **Total 12** | **8,00,000** | **8,00,000** | **8,00,000** |
| 13 | **Manage sophisticate infrastructure**<br>a .Land ownership<br>b .New building<br>c .compound wall<br>c .Campus Road | <br>50,000<br>-<br>-<br>- | <br>5,00,000<br>-<br>-<br>- | <br>-<br>2,35,00,000<br>1,00,00,000<br>25,00,000 |
| | **Tatal 13** | 50,000 | 5,00,000 | 3,60,00,000 |
| | **To Maintain greenery in the campus premises**<br>a .Garden Design<br>b .Extra activitie | <br>3,00,000<br>5,50,000 | <br><br>2,00,000 | <br><br>- |
| | **Total (14)** | **5,50,000** | **2,00,000** | **-** |
| 15 . | **Make necessary preparation to develop international college**<br>a . preparation<br>b .Extra Activities<br>c .interaction<br>d .Development | Yearly 2,00,000<br>Yearly 16,50,000<br><br>Yearly 1,00,000<br>- | <br>3,00,000<br>-<br>-<br>- | <br>1,00,000<br>-<br>-<br>- |

| | | | | |
|---|---|---|---|---|
| | **Total 15** | | **3,00,000** | **1,00,000** |
| 16 | **To progress other development** | | | |
| | a .Increase pass rate | 1,00,000 | | |
| | b .Re-accrediation | - | | |
| | c .New model for BBS and | 1,00,000 | 1,50,000 | - |
| | Bed | | 1,000,000 | - |
| | d .Merge and Run classes | | 2,00,000 | - |
| | on various places | - | - | - |
| | **Total (16)** | **2,00,000** | **13,50,000** | **-** |
| 17 | Manage extra sources of income to collage | | | |
| | a .Grave the skin run by UGC | | **3,00,000** | **-** |
| | b .Receive donation | **-** | **2,00,000** | **2,00,000** |
| | c .Alumni | **2,00,000** | **50,000** | **50,000** |
| | d .Provide research | **50,000** | **2,00,000** | **2,00,000** |
| | consultancy service | **2,00,000** | **-** | **50,00,000** |
| | e .Business purpose building | **-** | **As per** | **As per** |
| | f .Non credit course | **As per Required** | **Required** | **Required** |
| | **Total (17)** | **4,50,000** | **7,50,000** | **54,50,000** |

## क्याम्पस अर्न्तगतका सङ्काय तथा शाखाहरूको कार्यविधि २०७७

महाकवि देवकोटा क्याम्पस भित्रका शैक्षिक तथा प्रशासनिक कार्यहरूलाई थप व्यवस्थित र प्रभावकारी रूपमा सम्पन्न गर्नको लागि यस क्याम्पसको शैक्षिक प्रशासन विनियम २०७१ मा उल्लेख भए अनुसार विभिन्न शाखाहरू गठन गरी हरेक शाखालाई जिम्मेवारी समेत प्रदान गरिएको छ। तिनै शाखाहरूको कार्यविधि तल प्रस्तुत गरिएको छ।

## शिक्षा तथा मानविकी सङ्कायको र्कायविधि २०७७

यसले महाकवि देवकोटा क्याम्पसको शैक्षिक प्रशासन विनियम २०७१ को परिच्छेद ४ अनुसार गठन भएको सङ्काय समितिलाई जनाउँदछ।

**१.संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम “महाकवि देवकोटा क्याम्पस शिक्षा तथा मानविकी सङ्कायको र्कायविधि २०७७ हुनेछ।’’

(२) यो कार्यविधि शैक्षिक प्रशासन समितिले पारित गरेपछि लागु हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) ‘कार्यविधि’ भन्नाले महाकवि देवकोटा क्याम्पस शिक्षा तथा मानविकी सङ्कायको कार्यविधि २०७७ लाई जनाउँछ।

(ख) सङ्काय समिति भन्नाले सङ्कायका सम्पूर्ण शिक्षक तथा अन्य गतिविधिहरूलाई व्यवस्थापन गर्ने उद्देश्यले महाकवि देवकोटा क्याम्पस शैक्षिक प्रशासन विनियम २०७१ को परिच्छेद -४ अनुसार गठन भएको सङ्काय समितिलाई जनाउँछ।

(ग) 'महाकवि देवकोटा क्याम्पस' भन्नाले तत्कालिन सुनवल आर्दश गा.वि.स. हाल सुनवल नगरपालिका वडा नं.४ मा वि.सं. २०६० सालमा स्थानीय समाजका बुद्धिजीवी, समाजसेवी, व्यापारी, उद्योगपति, शिक्षाप्रेमी साथै अन्य व्यक्तित्वहरूको प्रत्यक्ष सहयोगबाट स्थापना भएको गैरनाफामूलक सामुदायिक शैक्षिक संस्थालाई जनाउँछ।

(घ) 'शैक्षिक प्रशासन' भन्नाले शिक्षासम्बन्धी कार्यालयका विविध समस्याहरूको व्यवस्थापन गर्ने कार्यलाई जनाउँदछ।

(ङ) 'विनियम' भन्नाले मूल ऐन कानून अन्तर्गत रही बनाइएको उपनियमलाई जनाउदँछ।

(च) 'परिच्छेद' भन्नाले किताब वा ग्रन्थको सन्धि वा विच्छेद, विभाजन, खण्ड, सीमा जनाउँदछ।

३. **समिति गठन विधि** : महाकवि देवकोटा क्याम्पसले संचालन गर्ने र गरिरहेको शिक्षा तथा मानविकी सङ्कायका कार्यक्रमहरूलाई प्रभावकारी रूपमा संचालन गर्न क्याम्पस प्रमुखको नेतृत्वमा सङ्काय समितिको गठन गरिनेछ। उक्त समितिमा एक संयोजक र विभिन्न विषयका प्रमुखहरू सदस्यको रूपमा रहने छन्।

४. **समितिको पदावधि** : महाकवि देवकोटा क्याम्पसका क्याम्पस प्रमुखको निर्णयमा गठन गरिएको सङ्काय समितिका पदाधिकारीहरूको पदावधि दुई वर्षको हुनेछ।

**५.संयोजक तथा सदस्य :**

**संयोजक** : महाकवि देवकोटा क्याम्पसमा प्रध्यापनरत स्थायी तथा करार शिक्षक मध्येबाट एक जना संयोजक रहने छ।

**सदस्य** : महाकवि देवकोटा क्याम्पसमा प्रध्यापनरत विभिन्न विषयका प्रमुखहरू सदस्य रहने छन्।

६. **सदस्य पद मुक्त हुने अवस्था** : यस समितिका सदस्यहरू देहायको अवस्थामा पद मुक्त हुन सक्ने छन्।

क. क्याम्पस प्रशासनबाट सजाय पाएमा

ख. राजिनामा दिएमा

ग. सरुवा भई अन्यत्र गएमा

घ. नियमित उपस्थित नभएमा

यसरी रिक्त रहेको सदस्यको पदपुर्ति जुन नियम अन्तर्गत सदस्य भएको हो सोही नियम अनुसार हुनेछ ।

## यसको काम, कर्तव्य र अधिकार

१. क्याम्पसको नियमानानुसार क्याम्पस प्रमुख र सहायक क्याम्पस प्रमुख को निर्देशनानुसार कार्य गर्ने ।
२. सङ्कायको वार्षिक शैक्षिक कार्यक्रमहरू निर्माण गरी लागु गर्ने ।
३. नियमित शैक्षिक कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन गर्ने ।
४. सङ्कायका आवधिक तथा दीर्घकालीन शैक्षिक योजनाहरू तर्जुमा गर्ने ।
५. सङ्कायको सम्पूर्ण शिक्षकहरूको बिदाको रेकर्ड राख्ने ।
६. सङ्कायको आवधिक तथा वार्षिक कार्य प्रगति विवरण तयार पार्ने ।
७. Students Quality Circle बाट प्राप्त भएका सुझावहरूको आधारमा समस्या र चुनौतीहरूलाई सम्वोधन गर्ने ।
८. सङ्काय अन्तर्गतका सम्पूर्ण शिक्षकहरूको रेकर्ड तथा अन्य कार्यक्रममा समावेश भएका प्रमाणपत्रहरूलाई व्यवस्थित रूपमा राख्ने ।
९. सङ्काय अन्तर्गतका सम्पूर्ण विद्यार्थीहरूको सङ्ख्यात्मक रेकर्ड राख्ने ।
१०. सम्पूर्ण वर्षका प्रयोगात्मक परीक्षा तथा शुक्ष्म शिक्षण, सहपाठी शिक्षण तथा वास्तविक शिक्षणलाई प्रभावकारी रूपमा वार्षिक परीक्षा सकिएको एक महिना भित्र सम्पन्न गर्ने ।
११. सम्पूर्ण वर्षको प्रयोगात्मक परीक्षालाई व्यवस्थित र प्रभावकारी रूपमा संचालन गर्ने तथा गर्न लगाउने ।
१२. सङ्काय अन्तर्गतका सम्पूर्ण विद्यार्थीहरूलाई आचारसंहिता पूर्ण रूपमा पालना गर्न लगाउने र सो को अनुगमन तथा निरीक्षण गर्ने ।
१३. लग बुक तयार गर्ने र हरेक महिनाको एक पटक लग बुक परीक्षण गर्ने ।
१४. सङ्कायको बैठक आवश्यकता अनुसार बस्ने ।
१५. सम्पूर्ण शिक्षक तथा कर्मचारीहरू सँग सुमधुर सम्बन्ध कायम गर्ने ।
१६. सङ्काय अन्तर्गतका सबै शिक्षकहरूकको वृत्ति विकासको लागि समय समयमा तालिमको व्यवस्था गर्ने ।
१७. आवश्यकता अनुसार अतिरिक्त कक्षा संचालन गर्ने ।
१८. कुनै पनि वर्षका कक्षा संचालन र अन्त गर्ने ।
१९. सबै वर्षका अन्तिम परीक्षाको नतिजाको विश्लेषण गर्ने ।

## व्यवस्थापन सङ्कायको कार्यविधि २०७७

यसले महाकवि देवकोटा क्याम्पसको शैक्षिक प्रशासन विनियम २०७१ को परिच्छेद ४ अनुसार गठन भएको सङ्काय समितिलाई जनाउँदछ

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम “महाकवि देवकोटा क्याम्पस व्यवस्थापन सङ्कायको कार्यविधि २०७७ हुनेछ।

(२) यो कार्यविधि शैक्षिक प्रशासन समितिले पारित गरेपछि लागु हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) ‘कार्यविधि’ भन्नाले महाकवि देवकोटा क्याम्पस व्यवस्थापन सङ्कायको कार्यविधि २०७७ लाई जनाउँछ।

(ख) सङ्काय समिति भन्नाले सङ्कायका सम्पूर्ण शैक्षिक तथा अन्य गतिविधिहरूलाई व्यवस्थापन गर्ने उद्देश्यले महाकवि देवकोटा क्याम्पस शैक्षिक प्रशासन विनियम २०७१ को परिच्छेद -४ अनुसार गठन भएको सङ्काय समितिलाई जनाउँछ।

(ग) ‘महाकवि देवकोटा क्याम्पस’ भन्नाले तत्कालिन सुनवल आर्दश गा.वि.स. हाल सुनवल नगरपालिका वडा नं.४ मा वि.सं. २०६० सालमा स्थानीय समाजका वुद्धिजीवी, समाजसेवी, व्यापारी, उद्योगपति, शिक्षाप्रेमी साथै अन्य व्यक्तित्वहरूको प्रत्यक्ष सहयोगबाट स्थापना भएको गैरनाफामूलक सामुदायिक शैक्षिक संस्थालाई जनाउँछ।

(घ) ‘शैक्षिक प्रशासन’ भन्नाले शिक्षासम्बन्धी कार्यालयका विविध समस्याहरूको व्यवस्थापन गर्ने कार्यलाई जनाउँदछ।

(ङ) ‘विनियम’ भन्नाले मूल ऐन कानून अन्तर्गत रही बनाइएको उपनियमलाई जनाउदँछ।

(च) ‘परिच्छेद’ भन्नाले किताब वा ग्रन्थको सन्धि वा विच्छेद, विभाजन, खण्ड, सीमा जनाउँदछ।

३. **समिति गठन विधि** : महाकवि देवकोटा क्याम्पसले संचालन गर्ने र गरिरहेको व्यवस्थापन सङ्कायका कार्यक्रमहरूलाई प्रभावकारी रूपमा संचालन गर्न क्याम्पस प्रमुखको नेतृत्वमा सङ्काय समितिको गठन गरिनेछ। उक्त समितिमा एक संयोजक र विभिन्न विषयका प्रमुखहरू सदस्यको रूपमा रहने छन्।

४. **समितिको पदावधी** : महाकवि देवकोटा क्याम्पसको क्याम्पस प्रमुखको निर्णयमा गठन गरिएको सङ्काय समितिका पदाधिकारीहरूको पदावधि दुई वर्षको हुनेछ।

### ५. संयोजक तथा सदस्य :

**संयोजक** : महाकवि देवकोटा क्याम्पसमा प्रध्यापनरत स्थायी तथा करार शिक्षक मध्येबाट एक जना संयोजक रहने छ।

**सदस्य** : महाकवि देवकोटा क्याम्पसमा प्रध्यापनरत विभिन्न विषयका प्रमुखहरू सदस्य रहने छन् ।

### ६. सदस्य पद मुक्त हुने अवस्था :

यस समितिका सदस्यहरू देहायको अवस्थामा पद मुक्त हुन सक्ने छन् ।

क. क्याम्पस प्रशासनबाट सजाय पाएमा

ख. राजिनामा दिएमा

ग. सरुवा भई अन्यत्र गएमा

घ. नियमित उपस्थित नभएमा

यसरी रिक्त रहेको सदस्यको पदपूर्ति जुन नियम अन्तर्गत सदस्य भएको हो सोही नियम अनुसार हुनेछ ।

### यसको काम, कर्तव्य र अधिकार

१. क्याम्पसको नियमनानुसार क्याम्पस प्रमुख र सहायक क्याम्पस प्रमुख को निर्देशनानुसार कार्य गर्ने ।

२. सङ्कायको वार्षिक शैक्षिक योजना निर्माण गरी लागु गर्ने ।

३. नियमित शैक्षिक कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन गर्ने ।

४. सङ्कायका आवधिक तथा दीर्घकालीन शैक्षिक योजनाहरू तर्जुमा गर्ने ।

५. सङ्कायका सम्पूर्ण शिक्षकहरूको बिदाको रेकर्ड राख्ने ।

६. सङ्कायको आवधिक तथा वार्षिक कार्य प्रगति विवरण तयार पार्ने ।

७. Students Quality Circle बाट प्राप्त भएका सुझावहरूको आधारमा समस्या र चुनौतीहरूलाई सम्बोधन गर्ने ।

८. सङ्काय अर्न्तगतका सम्पूर्ण शिक्षकहरूको रेकर्ड तथा अन्य कार्यक्रममा समावेश भएका प्रमाणपत्रहरूलाई व्यवस्थित रूपमा राख्ने ।

९. सङ्काय अर्न्तगतका सम्पूर्ण विद्यार्थीहरूको सङ्ख्यात्मक रेकर्ड राख्ने ।

१०. सम्पूर्ण वर्षका प्रयोगात्मक परीक्षालाई प्रभावकारी रूपमा वार्षिक परीक्षा सकिएको एक महिना भित्र सम्पन्न गर्ने ।

११. सम्पूर्ण वर्षको प्रयोगात्मक परीक्षालाई व्यवस्थित र प्रभावकारी रूपमा संचालन गर्ने तथा गर्न लगाउने ।

१२. सङ्काय अर्न्तगतका सम्पूर्ण विद्यार्थीहरूलाई आचारसंहिता पूर्ण रूपमा पालना गर्न लगाउने र सो को अनुगमन तथा निरिक्षण गर्ने ।

१३. लग बुक तयार गर्ने र हरेक महिनाको एक पटक लग बुक परीक्षण गर्ने ।

१४. सङ्कायको बैठक आवश्यकता अनुसार बस्ने ।
१५. सम्पूर्ण शिक्षक तथा कर्मचारीहरूसँग सुमधुर सम्बन्ध कायम गर्ने ।
१६. सङ्काय अन्तर्गतका सबै शिक्षकहरूकको वृत्ति विकासको लागि समय समयमा तालिमको व्यवस्था गर्ने ।
१७. आवश्यकता अनुसार अतिरिक्त कक्षा संचालन गर्ने ।
१८. सबै वर्षका कक्षा संचालन र अन्त गर्ने ।
१९. सबै वर्षका अन्तिम परीक्षाको नतिजाको विश्लेषण गर्ने
२०. शैक्षणिक योजना निर्माण गरी कार्यान्वयन गर्ने ।
२१. Orientation and Carrier Councelling Programme संचालन गर्ने ।
२२. कक्षा कोठा व्यवस्थापन गर्ने ।

## सार्वजनिक सूचना शाखा

क्याम्पससंग सम्बन्धित सम्पूर्ण सूचना सरोकारवालाहरू समक्ष पुर्याउनको लागि महाकवि देवकोटा क्याम्पस शैक्षिक प्रशासन विनियम २०७१ को परिच्छेद–१२ अनुसार क्याम्पसमा सार्वजनिक सूचना शाखा गठन गरिएको छ। शिक्षक हरिदत्त शर्मा यो शाखाको संयोजक रहनु भएको छ। यो शाखाले वार्षिक शैक्षिक क्यालेण्डर, देवकोटा सन्देश नामक अर्धवार्षिक वुलेटिन, प्रोस्पेक्टस जस्ता सूचना मूलक सामग्रीहरू प्रकाशन गरी सूचना तथा जानकारी प्रवाह गर्ने गर्दछ। प्रकाशित सामग्रीहरूलाई अझै राम्रो बनाउन पृष्ठपोषण संकलन गर्ने कार्य पनि यो शाखाले गर्दै आएको छ। विद्यार्थीहरूका सुझाव र गुनासाहरू संकलन गर्न क्याम्पसमा राखिएको सुझाव पेटिकालाई व्यवस्थित गर्ने कार्य पनि यो शाखाले गर्दछ। त्यति मात्रै नभएर यो शाखाले क्यम्पससंग सम्बन्धित अत्यावश्यक सूचना एफ.एम रेडियो र पत्रपत्रिकाको माध्यमबाट पनि सार्वजनिक गर्दै आएको छ। यो शाखा आफ्नो छुट्टै कार्यविधि अनुसार संचालन हुँदै आएको छ। यो शाखाको कार्यविधि यसप्रकार छ।

## महाकवि देवकोटा क्याम्पस सार्वजनिक सूचना शाखाको कार्यविधि २०७७

महाकवि देवकोटा क्याम्पसमा भए गरेका कार्यहरू सार्वजनिक गर्न साथै क्याम्पसका सरोकारवालाहरूलाई आवश्यक पर्ने सूचना उपलब्ध गराउन यो कार्यविधि तर्जुमा गरी लागु गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "महाकवि देवकोटा क्याम्पस सार्वजनिक सूचना शाखाको कार्यविधि २०७७" रहेको छ।

(२) यो कार्याविधि शैक्षिक प्रशासन समितिले स्वीकृत गरे पछि लागु हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) 'कार्यविधि' भन्नाले महाकवि देवकोटा क्याम्पस सार्वजनिक सूचना शाखाको कार्यविधि २०७७ लाई जनाउँछ।

(ख) 'सार्वजनिक सूचना शाखा' भन्नाले क्याम्पसका सरोकारवालाहरूलाई आवश्यक पर्ने सूचना उपलब्ध गराउने उद्देश्यले महाकवि देवकोटा क्याम्पस शैक्षिक प्रशासन विनियम २०७१ को परिच्छेद -१२ अनुसार गठन भएको शाखालाई जनाउँछ।

(ग) 'महाकवि देवकोटा क्याम्पस' भन्नाले तत्कालिन सुनवल आर्दश गा.वि.स. हाल सुनवल नगरपालिक वडा नं.४ मा वि.सं. २०६० सालमा स्थानीय समाजका वुद्धिजीवी, समाजसेवी, व्यापारी, उद्योगपति, शिक्षाप्रेमी साथै अन्य व्यक्तित्वहरूको प्रत्यक्ष सहयोगबाट स्थापना भएको गैरनाफामूलक सामुदायिक शैक्षिक संस्थालाई जनाउँछ।

(घ) 'सार्वजनिक' भन्नाले जनसाधारणसँग सम्बन्धित ,सबैका लागिको ,सबैलाई काम लाग्ने ,धेरैका निम्तिको ,सार्वजनीन जनाउँछ।

(ङ) 'सूचना' भन्नाले सम्बन्धितहरूलाई जानकारी दिने काम, थाहा दिनका लागि पठाइएको-टाँसिएको-प्रकाशित गरिएको लिखित वा पत्रलाई जनाउँछ।

(च) 'शाखा' भन्नाले मूल वस्तुबाट निस्केर स्वतन्त्र अस्तित्वमा रहेको वस्तु, आश्रित कार्यालय जनाउँछ।

(छ) 'शैक्षिक प्रशासन' भन्नाले महाकवि देवकोटा क्याम्पसको शैक्षिक प्रशासनलाई जनाउँछ।

(ज) 'विनियम' भन्नाले महाकवि देवकोटा क्याम्पस शैक्षिक प्रशासन विनियम २०७१ को उपनियम जनाउँछ।

(झ) 'परिच्छेद' भन्नाले महाकवि देवकोटा क्याम्पस शैक्षिक प्रशासन विनियम २०७१ को परिच्छेदलाई जनाउँछ।

३. **समिति गठन विधि** : महाकवि देवकोटा क्याम्पस अन्तर्गतको शैक्षिक परामर्श समितिले एक सार्वजनिक सूचना समिति गठन गर्नेछ। उक्त समितिमा एक संयोजक र कम्तिमा तीन सदस्य रहने छन्। जसमा एक जना विद्यार्थी प्रतिनिधि पनि सदस्य रहने छन्।

४. **समितिको पदावधी** : महाकवि देवकोटा क्याम्पस शैक्षिक परामर्श समितिद्वारा गठन गरिएको सार्वजनिक सूचना शाखाका पदाधिकारीहरूको कार्यावधी शैक्षिक प्रशासन विनियम २०७१ को परिच्छेद-१२ अनुसार दुई वर्षको हुनेछ।

**५. संयोजक तथा सदस्य :**

संयोजक : महाकवि देवकोटा क्याम्पसमा प्रध्यापनरत स्थायी तथा करार शिक्षक मध्येबाट एक जना संयोजक रहने छ ।

सदस्य : महाकवि देवकोटा क्याम्पसमा प्रध्यापनरत शिक्षक तथा कर्मचारी मध्येबाट कम्तिमा दुईजना सदस्य रहने छन् ।

विद्यार्थी प्रतिनिधि सदस्य : महाकवि देवकोटा क्याम्पसको विभिन्न सङ्काय र विभिन्न तहमा अध्ययन गर्ने विद्यार्थीमध्येबाट एक जना सदस्य रहने छ ।

६. **विद्यार्थी प्रतिनिधि छनौटको व्यवस्था** : महाकवि देवकोटा क्याम्पस प्रशासनले तोकेको एक जना विद्यार्थी यस सार्वजनिक सूचना शाखाको विद्यार्थी प्रतिनिधि सदस्य बन्न सक्ने छ ।

७. **सदस्य पद मुक्त हुने अवस्था** : यस समितिका सदस्यहरू देहायको अवस्थामा पद मुक्त हुन सक्ने छन् ।

क. क्याम्पस प्रशासनबाट सजाय पाएमा
ख. राजिनामा दिएमा
ग. सरुवा भई अन्यत्र गएमा
घ. नियमित उपस्थित नभएमा

यसरी रिक्त रहेको सदस्यको पदपूर्ति जुन नियम अन्तर्गत सदस्य भएको हो सोही नियम अनुसार हुनेछ ।

८. **समितिका काम, कर्तव्य र अधिकार** : महाकवि देवकोटा क्याम्पस शैक्षिक प्रशासन विनियम २०७१ को परिच्छेद -१२ मा उल्लेख भए अनुसार यस सार्वजनिक सूचना समितिका काम, कर्तव्य र अधिकार निम्नानुसार रहने छन् ।

क. समितिको बैठक प्रत्येक महिनामा वा आवश्यकता अनुसार बस्ने ।
ख. क्याम्पसका शैक्षिक, आर्थिक, प्रशासनिक पक्षको सूचना संकलन गरी सरोकारवालाहरूलाई आवश्यक परेको खण्डमा उपलब्ध हुने व्यवस्था मिलाउने ।
ग. क्याम्पसमा शैक्षिक क्यालेण्डर, अर्ध वार्षिक बुलेटिन, वार्षिक प्रतिवेदन आदिको निर्माण तथा प्रकाशन गर्ने ।
घ. क्याम्पसका सरोकारवालहरूसँग सुझाव सङ्कलन तथा विश्लेषण गरी क्याम्पस प्रशासनमा पेश गर्ने ।
ङ. विद्यार्थी परामर्श शाखासँग सहकार्य गरी ब्रोसर तथा विज्ञापन सामग्री तयार गर्ने ।
च. संचारका माध्यम ( रेडियो र पत्रिका ) आदिबाट क्याम्पसका गतिविधि सर्वसाधारणका लागि सार्वजनिक गर्ने ।

छ. प्रकाशित सामग्रीहरूको पृष्ठपोषण संकलन गर्ने ।

ज. क्याम्पस प्रशासनप्रति जवाफदेही हुने ।

९. **खारेजी तथा बचाउ** : यो कार्यविधि महाकवि देवकोटा क्याम्पस शैक्षिक प्रशासन विनियम २०७१ अनुसार खारेजी हुन सक्नेछ ।

## आन्तरिक परीक्षा शाखा

उत्कृष्ट शैक्षिक नतिजा हासिल गर्न साथै परीक्षा र प्रश्नपत्रहरूमा विद्यार्थीहरूलाई अभ्यस्त गराउन महाकवि देवकोटा क्याम्पसको शैक्षिक प्रशासन विनियम.२०७१ को परिच्छेद-८ अनुसार क्याम्पसमा आन्तरिक परीक्षा शाखा गठन गरिएको छ । यो शाखाले क्याम्पसमा संचालन गरिने आन्तरिक परीक्षालाई व्यवस्थित गर्ने गर्दछ । शिक्षक हरिप्रसाद बस्याल संयोजक रहनु भएको सो शाखामा दुई सदस्य रहनु भएको छ । विद्यार्थीहरूलाई परीक्षा प्रश्नपत्र र उत्तर दिने तरिका अवगत गराउँदै शैक्षिक नतिजा वृद्धि गर्ने उद्देश्यले स्थापना गरिएको यो शाखाले वार्षिक रूपमा तीन वटा परीक्षा संचालन गर्ने गर्दछ । साथसाथै आन्तरिक परीक्षाको नतिजा प्रकाशन र समीक्षा अनि अन्तिम परीक्षाको नतिजा समीक्षा गर्ने काम समेत यसै शाखाद्वारा सम्पादन हुदै आएको छ ।

## महाकवि देवकोटा क्याम्पस आन्तरिक परीक्षा शाखाको कार्यविधि २०७७

१. **संक्षिप्त नाम र प्रारम्भ** :

(१) यस कार्यविधिको नाम "महाकवि देवकोटा क्याम्पस आन्तरिक परीक्षा शाखाको कार्यविधि २०७७" रहेको छ ।

(२) यो कार्यविधि शैक्षिक प्रशासन समितिले स्वीकृत गरे पछि लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) 'कार्यविधि' भन्नाले "महाकवि देवकोटा क्याम्पस आन्तरिक परीक्षा शाखाको कार्यविधि २०७७ लाई जनाउँछ ।

(ख) 'आन्तरिक परीक्षा शाखा' भन्नाले क्याम्पसमा आन्तरिक परीक्षा गराउने उद्देश्यले महाकवि देवकोटा क्याम्पस शैक्षिक प्रशासन विनियम २०७१ को परिच्छेद -८ अनुसार गठन भएको शाखालाई जनाउँछ ।

(ग) 'महाकवि देवकोटा क्याम्पस' भन्नाले तत्कालिन सुनवल आर्दश गा.वि.स. हाल सुनवल नगरपालिका वडा नं.४ मा वि.सं. २०६० सालमा स्थानीय समाजका वुद्धिजीवी, समाजसेवी, व्यापारी, उद्योगपति, शिक्षाप्रेमी साथै अन्य व्यक्तित्वहरूको प्रत्यक्ष सहयोगबाट स्थापना भएको गैरनाफामूलक सामुदायिक शैक्षिक संस्थालाई जनाउँछ ।

(च) 'शाखा' भन्नाले महाकवि देवकोटा क्याम्पस आन्तरिक परीक्षा शाखालाई जनाउँछ ।

(छ) 'शैक्षिक प्रशासन' भन्नाले महाकवि देवकोटा क्याम्पस शैक्षिक प्रशासनलाई जनाउँछ।

(ज) 'विनियम' भन्नाले महाकवि देवकोटा क्याम्पस शैक्षिक प्रशासन विनियम २०७१ उपनियम जनाउँछ।

(झ) 'परिच्छेद' भन्नाले महाकवि देवकोटा क्याम्पस शैक्षिक प्रशासन विनियमको परिच्छेदलाई जनाउँछ।

३. **समिति गठन विधि** : महाकवि देवकोटा क्याम्पस अन्तर्गतको शैक्षिक परामर्श समितिले एक आन्तरिक परीक्षा शाखा गठन गर्नेछ। उक्त समितिमा एक संयोजक र कम्तिमा तीन सदस्य रहने छन्। जसमा एक जना विद्यार्थी प्रतिनिधि पनि सदस्य रहने छन्।

४. **समितिको पदावधी** : महाकवि देवकोटा क्याम्पस शैक्षिक परामर्श समितिद्वारा गठन गरिएको आन्तरिक परीक्षा शाखाका पदाधिकारीहरूको कार्यावधी शैक्षिक प्रशासन विनियम २०७१ को परिच्छेद-८ अनुसार दुई वर्षको हुनेछ।

५. **संयोजक तथा सदस्य** :

**संयोजक** : महाकवि देवकोटा क्याम्पसमा प्रध्यापनरत स्थायी तथा करार शिक्षक मध्येबाट एक जना संयोजक रहने छ।

**सदस्य** : महाकवि देवकोटा क्याम्पसमा प्रध्यापनरत शिक्षक तथा कर्मचारी मध्येबाट कम्तिमा दुईजना सदस्य रहने छन्।

**विद्यार्थी प्रतिनिधि सदस्य** : महाकवि देवकोटा क्याम्पसको विभिन्न सङ्काय र विभिन्न तहमा अध्ययन गर्ने विद्यार्थी मध्येबाट एक जना सदस्य रहने छ।

६. **विद्यार्थी प्रतिनिधि छनौटको व्यवस्था** : महाकवि देवकोटा क्याम्पस प्रशासनले तोकेको एक जना विद्यार्थी यस आन्तरिक परीक्षा शाखाको विद्यार्थी प्रतिनिधि सदस्य बन्न सक्ने छ।

७.**सदस्य पद मुक्त हुने अवस्था** : यस समितिका सदस्यहरू देहायको अवस्थामा पद मुक्त हुन सक्ने छन्।

क. क्याम्पस प्रशासनबाट सजाय पाएमा

ख. राजिनामा दिएमा

ग. सरुवा भई अन्यत्र गएमा

घ. नियमित उपस्थित नभएमा

यसरी रिक्त रहेको सदस्यको पदपुर्ति जुन नियम अन्तर्गत सदस्य भएको हो सोही नियम अनुसार हुनेछ।

## आन्तरिक परीक्षा शाखाको काम कर्तव्य र अधिकार

- क्याम्पसको आन्तरिक परीक्षा आन्तरिक परीक्षा शाखाले प्रकाशित गरेको तालिका अनुसार हुनेछ।
- एक शौक्षिक शत्रमा ३ वटा आन्तरिक परीक्षा सञ्चालन गरिनेछ।
- पहिलो आन्तरिक परीक्षा शैक्षिकसत्र सुरु भएको ३ महिना भित्रमा ,दोस्रो आन्तरिक परीक्षा शैक्षिकसत्रको मध्यमा र तेस्रो आन्तरिक परीक्षा शैक्षिकसत्रको अन्तमा समाप्ति त्रि.वि. को वार्षिक परीक्षा तालिका भन्दा कम्तिमा १५ दिन अगाडि संचालन गरिनेछ।
- पहिलो आन्तरिक परीक्षा ५० पूर्णाङ्कको हुनेछ , दोस्रो आन्तरिक परीक्षा पनि ५० पूर्णाङ्कको हुनेछ र तेस्रो आन्तरिक परीक्षा भने १०० पूर्णाङ्कको हुने गरी संचालन गरिनेछ। प्रश्न पत्र त्रि.वि. को वार्षिक परीक्षाको नमुना अनुसार तयार गरी संचालन गरिनेछ।
- आन्तरिक परीक्षा तालिका प्रकाशन क्याम्पसका सङ्काय प्रमुखहरूको सल्लाहमा प्रकाशन गरिनेछ । तर परीक्षा सम्बन्धी अनुमानित तालिका क्याम्पसको वार्षिक क्यालेण्डरमा उल्लेख गरिनेछ।
- परीक्षा संचालनको योजना र तयारी सम्बन्धी सम्पूर्ण जिम्मा आन्तरिक परीक्षा शाखाको हुनेछ। कुनै परीक्षा रद्द वा सार्नपरेमा परीक्षा शाखाको निर्णयअनुसार हुनेछ।
- परीक्षाका सम्पूर्ण कागजातहरूलाई व्यवस्थित तरिकाले राख्ने जिम्मेवारी परीक्षा शाखाको हुनेछ।
- आन्तरिक परीक्षाका उत्तर पुस्तिका परिक्षण गरे वापत रु १० प्रति कपि का दरले र परीक्षामा निरिक्षक बसे वापत रु १०० प्रति परीक्षा का दरले परिक्षा शाखाले पारिश्रमिक लेखा शाखाबाट उपलब्ध गराउने छ।

खारेजी तथा बचाउ : यो कार्यविधि महाकवि देवकोटा क्याम्पस शैक्षिक प्रशासन विनियम २०७१ अनुसार खारेजी हुन सक्नेछ।

## अध्यापनरत शिक्षकको काम कर्तव्य

- आन्तरिक परीक्षा शाखाले सूचना गरी माग गरे बमोजिम क्याम्पसमा अध्यापन र सम्पूर्ण शिक्षक तथा प्रध्यापक ज्यूहरूले आ-आफ्नो अध्यापन गर्ने विषयको प्रश्नपत्रको computerized file आन्तरिक परीक्षा शाखामा समयमै बुझाउनुपर्नेछ।
- आन्तरिक परीक्षा शाखाले प्रकाशित गरेको तालिका बमोजिम परीक्षा संचालन सम्पूर्ण  शिक्षक तथा कर्मचारीहरूले आफ्नो जिम्मेबारी पूरा गर्नुपर्नेछ।

- प्रश्नपत्र निर्माणमा शिक्षक स्वंयम जिम्मेवार र जवाफदेही हुनेछन् ।
- उत्तर पुस्तिका समयमै परीक्षण गरी परीक्षा शाखामा बुझाउनु पर्नेछ र परीक्षण सम्बन्धी जवाफदेही शिक्षक स्वंयम हुनेछन ।

## विद्यार्थीका काम कर्तव्य र अधिकार

- क्याम्पस मा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरूले परीक्षामा परीक्षाको मर्यादा कायम गरी शनिबार सहभागी हुनु पर्नेछ।
- परीक्षामा अनुपस्थित रहेमा प्रति विषय रु ५० का दरले जरिवाना तिर्नुपर्नेछ। तर विशेष कारणले परीक्षामा उपस्थित हुन नसकेकमा जरीवाना छुटको लागि विशेष कारण सहितको निवेदन परीक्षा शाखामा बुझाउनु पर्नेछ ।
- उक्त निवेदनको स्वीकृत वा अस्वीकृत गर्ने अधिकार परीक्षा शाखामा हुनेछ।
- आन्तरिक परीक्षामा उत्कृष्ट हुने प्रत्येक वर्ष र सङ्कायका विद्यार्थीहरूलाई १ महिना बराबरको मासिक शुल्क छुट दिईनेछ। तर छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीले दोहोरो सुविधा भने प्राप्त गर्ने छैनन् ।
- आन्तरिक परीक्षाको नतिजा चित्त नबुझेमा परीक्षाफल प्रकाशित भएको मितिले १ हप्ता भित्र आन्तरिक परीक्षा शाखामा निवेदन दिन सकिनेछ।

## कर्मचारीका काम कर्तव्य

- आन्तरिक परीक्षामा प्रयोग हुने प्रवेश पत्र (फोटो सहितको Black and White) परीक्षा शुरु हुन एक हप्ता अगाडि Print गरी EMIS शाखाले परीक्षा शाखामा बुझाउनुपर्नेछ।
- परीक्षाका प्रश्नपत्र र अन्य आवश्यक कागजातहरूको तयारी तथा प्रकाशनमा EMIS शाखाले सहयोग गर्नुपर्नेछ।
- परीक्षाको परीक्षाफल Software बाट प्रकाशन गर्ने जिम्मा EMIS को हुनेछ।
- परीक्षामा अनुपस्थित विद्यार्थीको जरिवाना शुल्क सफ्टवेयरमा अपडेट गर्ने जिम्मा लेखा शाखाको हुनेछ।
- परीक्षाको सम्पूर्ण कागजातलाई सुरक्षित गरी राख्ने जिम्मा EMIS शाखाको हुनेछ।

## विद्यार्थी परामर्श शाखा

विद्यार्थीहरूलाई पर्ने हरेक किसिमका समस्याहरूको समाधान गर्नको लागि महाकवि देवकोटा क्याम्पसको शैक्षिक प्रशासन विनियम २०७१ को परिच्छेद-९ अनुसार क्याम्पसमा विद्यार्थी परामर्श शाखाको गठन गरिएको छ । ५ जना सदस्य रहेको यो शाखाको संयोजक

शिक्षक सूर्यप्रसाद ढकाल रहनु भएको छ । विद्यार्थीहरूका हरेक समस्यामा साथ दिने उद्देश्यले स्थापित यो शाखाबाट छात्रवृत्ति वितरण कार्यविधि निर्माण गर्ने, छात्रवृत्ति वितरणको लागि विद्यार्थी छनौट गर्ने, विद्यार्थीहरूको व्यक्तित्व विकासका लागि विभिन्न तालिम , गोष्ठि ,प्रशिक्षण कार्यक्रम संचालन गर्ने, प्रचार प्रसारको लागि पम्पलेट, पोस्टर जस्ता विभिन्न विज्ञापन सामग्री निर्माण गर्ने, विद्यार्थीहरूलाई रोजगारीको लागि पहल गरिदिने जस्ता कार्यहरू सम्पादन हुँदै आएका छन् ।

**Student Support & Guidance Cell**

Student Support & Guidance Cell will be established with the motto of providing extra assistance to the students beyond direct classroom teaching-learning activities. To provide clear guidelines to the cell, this 'Cell Guidelines' has been prepared.

1. **Brief Name and Its Implementation:**

a. The name of this Guideline will be " **Cell Guidelines of the Student Support and Guidance Cell of Mahakavi Devkota Campus-2077** "

b. This guideline will be implemented immediately after the formal decision of Campus Executive Committee.

2. **Definition of Key Terms of the Guidelines:**

a. 'Campus' refers to Mahakavi Devkota Campus, located in Sunawal Municipality ward -4, Nawalparasi.

b. 'Guideline' refers to the formation process and workplan of the Student Support and Guidance Cell of the Campus.

c. 'Student Support and Guidance Cell' refers to a cell formed under the Educational Administration Acts-2071 of the campus.

d. 'Scholarship' refers to the discount in the monthly fee of the students on the basis of ' Mahakavi Devkota Campus Internal Scholarship Work Plan- 2072'

e. 'Job placement' refers to finding a job to the graduate students or the needy students of the campus before graduation on the basis of Job Placement work plan of Mahakavi Devkota Campus-2077.

f. 'Orientation and Counseling Program' refers to informative and career counseling programs to the SLC (+2) pass students (potentially new students to the campus) every year just before new academic year.

g. 'Campus Administration' refers to Campus Chief, Assistant Chief and Department Heads individually or collectively.

**Cell Formation Process:**

The cell is formed under the Educational Administration acts-2071 of the campus. Educational Counseling Committee (ECC) recommends a cell coordinator among full-time contract or permanent teachers for two consecutive years. The coordinator nominates some members among teaching staffs or students for the cell as per the need of the cell. The coordinator will nominate the members in coordination with campus administration.

3. **Duty and Responsibilities:**

- The cell conducts cell meeting as per need.
- It conducts orientation and career counseling programs to the potentially new students every year just before new academic year.
- For orientation and advertisement, it publishes brochures, leaflets, and flexes, together with Public Information Cell of the Campus.
- The cell evaluates the students for internal scholarship on the basis of Internal Scholarship Work Plan- 2071.
- For external scholarship, the cell evaluates the students on the basis of provided guidelines, and supports the students to get such scholarship.
- The cell provides support the students to get job for the needy students or for job placement after the graduation in coordination with the departments on the basis of Job Placement Work Plan-2077
- It conducts various supportive programs and trainings to the students as per the need and academic context of the campus in coordination with departments and other cells of the campus.

**Job Placement Work Plan**

1. The cell publishes a notice to the graduate students to fill the Job Placement/ Requirement Form annually.
2. After the collection of the form, the cell makes a list of the neediest students.
3. The cell/campus continuously remains in touch with the potential employer through phone calls, emails, or letters, and prepares a vacancy list – to be updated regularly.
4. The cell selects appropriate students for the available vacant posts, and provides necessary guidance for exams and interviews.
5. The campus recommends specific students to the employer formally or informally

## अतिरिक्त क्रियाकलाप शाखा

पढाइको अतिरिक्त विद्यार्थीहरूमा अन्तर्निहित प्रतिभा पहिचान गरी उक्त प्रतिभा प्रष्फुटन गर्न विभिन्न प्रतियोगिता संचालन गर्नको लागि महाकवि देवकोटा क्याम्पसको शैक्षिक प्रशासन विनियम २०७१ को परिच्छेद-११ अनुसार अतिरिक्त क्रियाकलाप शाखा गठन गरिएको छ। शिक्षिका सुलोचना अर्याल संयोजक रहनु भएको यो शाखामा ५ सदस्य रहनु भएको छ । यो शाखाले वार्षिक शैक्षिक क्यालेण्डरमा उल्लेख गरिए अनुसारका कविता लेखन/वाचन, निबन्ध लेखन, वादविवाद, वक्तृत्वकला, जस्ता पढाइलाई सहयोग पुर्याउने प्रतियोगितात्मक कार्यक्रमहरू गर्दछ। यसका अतिरिक्त  भलिवल, फुटसल, क्रिकेट, लङजम्प, सटपुट, स्लो साइकल रेस, म्युजिकल चेयर जस्ता प्रतियोगितात्मक कार्यक्रमहरू यस शाखाद्वारा संचालन हुने गर्दछन् । त्यति मात्र नभएर विभिन्न समयमा तालिम र प्रशिक्षण कार्यक्रम पनि यस शाखाले संचालन गर्ने गर्दछ।

## अतिरिक्त क्रियाकलाप शाखाको कार्यविधि–२०७७

महाकवि देवकोटा क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूमा अन्तर्निहित प्रतिभाको पहिचान गरी सो प्रतिभा प्रष्फुटन गर्ने उद्देश्यले संचालन गरिने विभिन्न कार्यक्रमहरू सम्पन्न गर्नको लागि यो कार्यविधि तर्जुमा गरी लागु गरिएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** :

(१) यस कार्यविधिको नाम “महाकवि देवकोटा क्याम्पस अतिरिक्त क्रियाकलाप शाखाको कार्यविधि २०७७” रहेको छ।

(२) यो कार्यविधि शैक्षिक प्रशासन समितिले स्वीकृत गरे पछि लागु हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) ‘कार्यविधि’ भन्नाले महाकवि देवकोटा क्याम्पस अतिरिक्त क्रियाकलाप  शाखाको कार्यविधि २०७७ लाई जनाउँछ।

(ख) ‘अतिरिक्त क्रियाकलाप शाखा’ भन्नाले महाकवि देवकोटा क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूमा अन्तर्निहित प्रतिभाको पहिचान गरी सो प्रतिभा प्रष्फुटन गर्ने उद्देश्यले महाकवि देवकोटा क्याम्पस शैक्षिक प्रशासन विनियम २०७१ को परिच्छेद -११ अनुसार गठन भएको शाखालाई जनाउँछ।

(ग) ‘महाकवि देवकोटा क्याम्पस’ भन्नाले तत्कालिन सुनवल आर्दश गा.वि.स. हाल सुनवल नगरपालिक वडा नं.४ मा वि.सं. २०६० सालमा स्थानीय समाजका

वुद्धिजीवी, समाजसेवी, व्यापारी, उद्योगपति, शिक्षाप्रेमी साथै अन्य व्यक्तित्वहरूको प्रत्यक्ष सहयोगबाट स्थापना भएको गैरनाफामूलक सामुदायिक शैक्षिक संस्थालाई जनाउँछ ।

(घ) 'अतिरिक्त' भन्नाले भइरहेको वा चलिरहेको भन्दा बढी वा नियमित भन्दा बढीलाई जनाउँछ ।

(ङ) 'क्रियाकलाप' भन्नाले कुनै पनि कामको गतिविधिलाई जनाउँछ ।

(च) 'अतिरिक्त क्रियाकलाप ' भन्नाले विद्यार्थीहरूका निम्ति निर्धारित पायठ्य विषयभन्दा बढीको कार्यक्रमलाई जनाउँछ ।

छ) 'शाखा' भन्नाले महाकवि देवकोटा क्याम्पस अतिरिक्त क्रियाकलाप शाखालाई जनाउँछ ।

ज) 'शैक्षिक प्रशासन' भन्नाले महाकवि देवकोटा क्याम्पसको शैक्षिक प्रशासनलाई जनाउँछ ।

(ज) 'विनियम' भन्नाले महाकवि देवकोटा क्याम्पस शैक्षिक प्रशासन विनियम २०७१ को उपनियम जनाउँछ ।

(झ) 'परिच्छेद' भन्नाले महाकवि देवकोटा क्याम्पस शैक्षिक प्रशासन विनियम २०७१ को परिच्छेदलाई जनाउँछ ।

३. **समिति गठन विधि** : महाकवि देवकोटा क्याम्पस अन्तर्गतको शैक्षिक परामर्श समितिले एक अतिरिक्त क्रियाकलाप शाखा गठन गर्नेछ । उक्त समितिमा एक संयोजक र कम्तिमा तीन सदस्य रहने छन् । जसमा एक जना विद्यार्थी प्रतिनिधि पनि सदस्य रहने छन् ।

४. **समितिको पदावधी** : महाकवि देवकोटा क्याम्पस शैक्षिक परामर्श समितिद्वारा गठन गरिएको अतिरिक्त क्रियाकलाप शाखाका पदाधिकारीहरूको कार्यावधी शैक्षिक प्रशासन विनियम २०७१ को परिच्छेद-११ अनुसार दुई वर्षको हुनेछ ।

५. **संयोजक तथा सदस्य** :

**संयोजक** : महाकवि देवकोटा क्याम्पसमा प्रध्यापनरत स्थायी तथा करार शिक्षक मध्येबाट एक जना संयोजक रहने छ ।

**सदस्य** : महाकवि देवकोटा क्याम्पसमा प्रध्यापनरत शिक्षक तथा कर्मचारी मध्येबाट कम्तिमा दुईजना सदस्य रहने छन् ।

**विद्यार्थी प्रतिनिधि सदस्य** : महाकवि देवकोटा क्याम्पसको विभिन्न सङ्काय र विभिन्न तहमा अध्ययन गर्ने विद्यार्थीमध्येबाट एक जना सदस्य रहने छ ।

६. **विद्यार्थी प्रतिनिधि छनौटको व्यवस्था** : महाकवि देवकोटा क्याम्पस प्रशासनले तोकेको एक जना विद्यार्थी प्रतिनिधि यस अतिरिक्त क्रियाकलाप शाखाको विद्यार्थी प्रतिनिधि सदस्य बन्न सक्ने छ।

७. **सदस्य पद मुक्त हुने अवस्था** : यस समितिका सदस्यहरू देहायको अवस्थामा पद मुक्त हुन सक्ने छन् ।

क. क्याम्पस प्रशासनबाट सजाय पाएमा

ख. राजिनामा दिएमा

ग. सरुवा भई अन्यत्र गएमा

घ. नियमित उपस्थित नभएमा

यसरी रिक्त रहेको सदस्यको पदपूर्ति जुन नियम अन्तर्गत सदस्य भएको हो सोही नियम अनुसार हुनेछ।

८. **समितिका काम, कर्तव्य र अधिकार** : महाकवि देवकोटा क्याम्पस शैक्षिक प्रशासन विनियम २०७१ को परिच्छेद -११ मा उल्लेख भए अनुसार यस अतिरिक्त क्रियाकलाप शाखाका काम, कर्तव्य र अधिकार निम्नानुसार रहने छन् ।

क. यो शाखाको बैठक प्रत्येक महिनामा वा आवश्यकता अनुसार बस्ने ।

ख. एक वर्षमा गरिने विभिन्न अतिरिक्त क्रियाकलाप वार्षिक शैक्षिक क्यालेण्डरमा प्रकाशन गर्ने र सोही अनुसार कार्यक्रम संचालन गर्ने ।

ग. क्याम्पस तथा अन्य स्थानमा संचालन गरिने विभिन्न अन्तरिक र बाह्य अतिरिक्त क्रियाकलापमा सहभागी हुन विद्यार्थीहरूलाई सहयोग उत्प्रेरण साथै प्रोत्साहित गर्ने ।

घ. शाखाद्वारा संचालन गरिने विभिन्न कार्यक्रमहरूको जानकारी क्याम्पस प्रशासनलाई गराउने ।

ङ. संचालित विभिन्न क्रियाकलापहरूको अभिलेख राख्ने ।

च. क्याम्पस अन्तर्गतका विभिन्न शाखाद्वारा माग गरिएका विवरण सम्बन्धीत शाखालाई उपलब्ध गराउने ।

छ. सरकारी तथा गैरसरकारी संघ संस्थाहरूसँग सहकार्य गरेर स्वस्थ्य शिविर, वातावरणीय सचेतना कार्यक्रम , रक्तदान कार्यक्रम, स्वास्थ्य सरसफाइ कार्यक्रम साथै सामाजिक सचेतना कार्यक्रम संचालन गर्ने ।

ज. अतिरिक्त क्षमता भएका विद्यार्थीहरूको पहिचान गरी तथ्याङ्क राख्ने ।

झ. शाखाका वार्षिक कार्यक्रमहरू बनाउने ।

ञ. क्याम्पस प्रशासनद्वारा प्रदान गरिएका अन्य कार्यहरू गर्ने ।

ट. क्याम्पस प्रशासन प्रति जवाफदेही हुने ।

**९.खारेजी तथा बचाउ :**

यो कार्यविधि महाकवि देवकोटा क्याम्पस शैक्षिक प्रशासन विनियम २०७१ अनुसार खारेजी हुन सक्नेछ ।

## अनुसन्धान शाखा

क्याम्पसमा प्राज्ञिक उन्नयनको लागि महाकवि देवकोटा क्याम्पसको शैक्षिक प्रशासन विनियम २०७१ को परिच्छेद-६ अनुसार अनुसन्धान शाखा गठन गरिएको छ । शिक्षक र विद्यार्थी दुबैमा प्राज्ञिक रुचि जगाउने र प्राज्ञिक कार्यतर्फ आकर्षित गर्ने उद्देश्यले स्थापना गरिएको यो शाखाको संयोजक शिक्षक पदम पाण्डे रहनु भएको छ । अनुसन्धान विनाको शिक्षा अपूर्ण हुने हुनाले क्याम्पसमा अध्ययनरत विद्यार्थीहरू र प्रध्यापनरत शिक्षक शिक्षिकाहरूलाई अनुसन्धानमुखी शिक्षा दिन र विद्यार्थीहरूलाई अनुसन्धानमा लाग्न प्रेरित गर्ने कार्य यो शाखाले गर्दछ । विभिन्न विषय क्षेत्रसंग सम्बन्धित अनुसन्धानमूलक लेख रचना संकलन गरी वार्षिक रूपमा देवकोटा जर्नल नामक पुस्तक प्रकाशन गर्ने साथै अनुसन्धानका लागि विद्यार्थी र शिक्षकहरूलाई लक्षित गरी समय समयमा तालिम संचालन गर्ने र अनुसन्धानको लागि विद्यार्थी र शिक्षकहरूलाई प्रेरित गर्ने कार्य समेत यो शाखाले सम्पादन गर्दै आएको छ ।

## IQAC

क्याम्पसका समग्र पक्षहरूको निरिक्षण गरी क्याम्पसको भौतिक र शैक्षिक स्तर उकास्नको लागि महाकवि देवकोटा क्याम्पसको शैक्षिक प्रशासन विनियम २०७१ को परिच्छेद-१० अनुसार क्याम्पसमा IQAC शाखा  गठन गरिएको छ । क्याम्पसका शैक्षिक, प्रशासनिक र भौतिक गतिविधिमा यस शाखाले MONITOR को काम गर्दछ । ५ जना सदस्य रहनु भएको यो शाखाको संयोजक शिक्षक दधिराम पौडेल हुनुहुन्छ । यो शाखाले क्याम्पसका शैक्षिक गतिविधिहरूको निरिक्षण गरी उत्कृष्ट शैक्षिक गुणस्तर कायम गर्न विभिन्न उपायहरूको खोजी गरी कार्यान्वयनको लागि पहल गर्ने गर्दछ । उत्कृष्ट शैक्षिक नतिजा प्राप्त गर्नको लागि शिक्षक शिक्षिकाहरूलाई विभिन्न तरिकाहरू उपलब्ध गराउने

साथै विभिन्न कार्यक्रमहरू संचालन गर्दै आइरहेको छ।

## शैक्षिक व्यवस्थापन तथा सूचना प्रणाली

महाकवि देवकोटा क्याम्पसको शैक्षिक प्रशासन विनियम २०७१ को परिच्छेद-१४ अनुसार यस क्याम्पसमा EMIS शाखाको गठन गरिएको छ। यो शाखाले यम्पसका सूचना प्रविधिसंग सम्बन्धित सामग्रीहरूको संरक्षण र प्रयोग गर्ने र सूचनालाई WEB को माध्यमबाट update गर्ने कार्य गर्दछ। ३ सदस्य रहेको यो शाखाको संयोजक विश्वास श्रेष्ठ हुनुहुन्छ। क्याम्पसका विभिन्न तथ्याङ्क र सूचनाहरूलाई व्यवस्थित गर्नको लागि शैक्षिक व्यवस्थापन तथा सूचना प्रणलीको (EMIS) स्थापना गरिएको छ।

**मन्टेश्वरी शाखा**

सैद्धान्तिक ज्ञानले मात्रै शिक्षणकार्य प्रभावकारी नहुने र त्यसको लागि व्यावहारिक ज्ञान नै आवश्यक ठानी विशेष गरेर यसै क्याम्पसमा अध्ययन गर्ने B.Ed. संङ्कायका विद्यार्थीहरूलाई लक्षित गरी यस क्याम्पसमा मन्टेश्वरी शाखा स्थापना गरिएको छ। महाकवि देवकोटा क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूलाई मात्र नभएर क्याम्पस वरपर रहेका इच्छुक व्यक्ति तथा संस्थाहरूलाई मन्टेश्वरी तालिम प्रदान गर्ने लक्ष्यका साथ शिक्षिका सुलोचना अर्यालको संयोजकत्वमा यो शाखाको स्थापना गरिएको छ। यो शाखाले आधुनिक शिक्षा पद्धति अनतर्गतको Learning by Doing विधिको उपयोग गरी कसरी साना साना नानी बाबुहरूलाई बिना डर त्रास खेलको माध्यमबाट सिकाउन सकिन्छ भनेर समसामयिक किसिमबाट तालिम संचालन गर्दै आएको छ। वि.सं. २०७२ सालमा स्थापना भएको यो शाखाले हालसम्म २५० जना भन्दा बढी विद्यार्थीहरूलाई उक्त तालिम प्रदान गरिसकेको छ भने यस शाखाबाट तालिम प्राप्त विद्यार्थीहरूले विभिन्न शैक्षिक संस्थामा सजिलै रोजगारी समेत प्राप्त गरेका छन्।

## आ.व.२०७७/०७८ मा क्याम्पसले गरेका विभिन्न कार्यक्रमहरु

# दशौँ क्याम्पस सभा तथा छैठौँ अधिवेशन

मिति २०७७/०९/२२ गते बुधबारका दिन महाकवि देवकोटा क्याम्पसको आयोजनामा यसै क्याम्पसको सभा हलमा क्याम्पसको दशौँ क्याम्पस सभा तथा छैठौँ अधिवेशन सम्पन्न भएको छ।

